# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



बुद्धत्व प्राप्त गर्नु भएपछि प्रथम पटक भिक्षुसंघ सहित जन्मभूमी कपिलवस्तुमा भिक्षाटन गरिरहनु भएका भगवान् बुद्धलाई भोजन निमन्त्रणा गर्नुहुंदै राजा शुद्धोदन (बैशाख पूर्णिमाको भोलिपल्ट)

वर्षः ४३, अङ्कः १

बु.सं. २५६९, स्वाँया पुन्हिः

# धर्मकीर्ति वसुन्धरा विहार, वसुन्धरामा प्रव्रजित गुरुमांहरूबाट दिनभर अभिधर्मपाठ एक झलक



धम्मसङ्गणि पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू पञ्ञावती र सुनन्दावती



विभङ्ग पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू धम्मविजया र श्रद्धा गौतमी



धातुकथा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू दानवती र वीर्यवती



पुग्गलपञ्ञती पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू जिनवती र चम्पावती



कथावत्थु पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू प्रीतिवती र सुमना



यमक पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू मासरा र सारवती



पट्ठान पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू सुमना र उपनन्दा



पुण्यानुमोदन गर्नुहुँदै कुसुम गुरुमां र पद्मावती गुरुमां



पाठ श्रवण गर्नुहुँदै श्रद्धालु उपासकोपासिकाहरू

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६९

नेपाल सम्बत् ११४५

इस्वी सम्बत् २०२५

बिक्रम सम्बत् २०८२

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

**2569 BAISAKH FULL MOON DAY**

**२५६९ औं वैशाख पूर्णिमा**

**12th MAY 2025**

| वर्ष- ४३ | अङ्क- १ | स्वाँया पुन्हि | बैशाख २०८२ |
|---|---|---|---|





**मग्गानट्ठङ्गिको सेट्ठो – सच्चानं चतुरो पदा**

**विरागो सेट्ठो धम्मानं द्विपदानञ्च चक्खुमा**

★ **मार्ग मध्ये अष्टाङ्गिक मार्ग श्रेष्ठ । सत्य मध्ये प्यंगू आर्य सत्य श्रेष्ठ । धर्म मध्ये वैराग्य श्रेष्ठ । देव मनष्पिं मध्ये शुद्ध चक्षुवान् बुद्ध श्रेष्ठ ।**

★ **मार्गहरू मध्ये अष्टाङ्गिक मार्ग श्रेष्ठ । सत्य मध्ये चार आर्यसत्य श्रेष्ठ। धर्म मध्ये वैराग्य धर्म श्रेष्ठ। देव मनुष्यहरू मध्ये शुद्ध दृष्टि भएका व्यक्ति भगवान् बुद्ध श्रेष्ठ ।**

★ **Of all the paths the eight fold Path is the best, of all the truths, the four Noble Truths are the best, of all things passionless ness is the best, of men the seeing one (the Buddha) is the best.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय – २५६९ औं बैशाख पूर्णिमाको शुभ-कामना | – | ३ |
| ३) | आवरण चित्र परिचय – कपिलवस्तु आगमन | – | ४ |
| ४) | अग्रश्रावक सारिपुत्र-२ | – सत्यनारायण गोयन्का | ५ |
| ५) | अनाथपिण्डिक पुत्र | – भिक्षु अमृतानन्द | १० |
| ६) | गौतम बुद्धया महत्त्व – भिक्षु अश्वघोष | – भिक्षु कुमार काश्यप | १३ |
| ७) | बुद्धधर्म र पञ्चशील | – भिक्षु अश्वघोष | १४ |
| ८) | मति सप्रियो भने आयु पनि लम्बिन्छ | – डा. भिक्षुणी धम्मवती | १६ |
| ९) | कुरुधम्म जातक | – वीर्यवती | १८ |
| १०) | भद्रा कपिलानी – कुमारी विद्यावती मालविका | – अनु. वीर्यवती | २० |
| ११) | तृष्णा वर्ग | – सत्यमोहन जोशी | २२ |
| १२) | सुतबुद्ध : तिपिटकधर तिपिटककोविद | – कुसलज्ञाणी गुरुमां | २३ |
| १३) | महिलामुख जातक | – प्रकाश बज्राचार्य | २८ |
| १४) | गज्याःगु छ्यूँ सुख दइ ? | – सुनीता मानन्धर | २९ |
| १५) | **Vipassana a Medicine** | – **Bhikshu Bodhijana** | ३१ |
| १६) | **The Last Message of the Buddha** | – **K. Sri Dhammanan** | ३३ |
| १७) | **KAMMA AND REBIRTH** | – **Ven. Anoma Mahinda** | ३४ |
| १८) | **Inspiration and Dismay** | – | ३५ |
| १९) | **Most Venerable Master Hsing Yun and FoGuang Shan** | – **Deva Kaji Shakya** | ३८ |
| २०) | बुद्धभूमि नेपाल | – प्रदिप शाक्य 'घोषक' | ४० |
| २१) | धर्मकीर्ति पत्रिका विशेष सदस्यहरू | – | ४० |
| २२) | भगवान बुद्धं क्यनाबिज्याःगु भिगू पुण्य ज्या | – नातीकाजी महर्जन | ४१ |
| २३) | एकदिन जानुछ सबैलाई | – प्रेमलक्ष्मी तुलाधर | ४१ |
| २४) | धर्मकीर्ति समाचार | – | ४२ |
| २५) | अनित्य जीवन | – बाबुकृष्ण डंगोल | ४८ |
| २६) | लुम्बिनी जाऔं | – विद्याकुमारी बज्राचार्य | ४९ |
| २७) | **Around Mayadevi Temple & Beyond** | – **Lekh Ratna Shakya** | ४९ |

## ▪ सम्पादकीय ▪

# २५६९ औं बैशाख पूर्णिमाको शुभ-कामना

बैशाख पूर्णिमालाई शाक्यमुनी बुद्धको जीवनी अनुसार पाँच संयोग जुरेको दिनको रूपमा लिन सकिन्छ। ती पाँच संयोगहरू यसरी रहेका छन्–

१) सुमेध ऋषि बोधिसत्त्वलाई दीपंकर बुद्धले भविष्यमा शाक्य मुनि गौतम बुद्ध हुने भविष्यवाणी गर्नुभएको दिन पनि बैशाख पूर्णिमाको दिन नै भएको कुरा बुद्ध वंशमा उल्लेख गरिएको पाइन्छ।

२) आजभन्दा २६४९ वर्ष अगाडि बैशाख पूर्णिमाको दिनमा नै कपिलवस्तुका महारानी महामायादेवीको कोखबाट हाल नेपालको लुम्बिनी बनमा शाक्य मुनि बुद्ध हुने नवजात शिशु जन्मनु भएको थियो। उही शिशुलाई पछि सिद्धार्थ कुमार भनी नामाकरण गरियो। उहाँको बुबा महाराज शुद्धोदन कपिलबस्तुका राजा थिए।

३) सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा राजदरवार त्याग गरी ज्ञानको खोजीमा लाग्नुभयो। ६ वर्षसम्म कठोर तपस्या गरी ३५ वर्षको उमेरमा बुद्धगया (हाल भारत) मा बुद्धत्त्व प्राप्त गरी शाक्य मुनि बुद्ध हुनुभयो।

४) बुद्ध हुनुभएपछि उहाँले शुद्धोदन महाराजको निमन्त्रणा स्वीकार गर्नुभई उहाँको राजधानी कपिलवस्तुमा प्रथम पटक पुग्नु भएको दिन पनि बैशाख पूर्णिमाको दिन नै थियो।

५) बुद्ध हुनुभएपछि उहाँले प्राप्त गर्नुभएको अमूल्य ज्ञान ४५ वर्ष सम्म प्रचार गर्नुभई ८० वर्षको वयोवृद्ध उमेरमा कुशीनगर (हाल भारत) पुगी दुईवटा साल वृक्षको बीचमा लेट्नुभई महापरिनिर्वाण हुनुभएको दिन पनि बैशाख पूर्णिमाको दिन नै थियो।

यी ५ वटा संयोगहरू मध्ये बुद्धगयामा बुद्धत्व प्राप्त गरी सम्यक् सम्बुद्ध हुनुभएको बैशाख पूर्णिमाको दिनलाई बढी महत्त्व दिइएको पाइन्छ। किनभने सम्यक् सम्बुद्ध हुनसक्नु नै जन्म र मरणको चक्रलाई तोड्न सफल अन्तिम जन्म र अन्तिम देहत्याग हो। त्यसैले शाक्य मुनि बुद्धले यस विजयलाई हर्ष उद्गारको रूपमा यसरी व्यक्ति गर्नुभएको पाइन्छ।

"अनेक जन्म बित्यो त्यो चित्त सहितको शरीर निर्माण गर्ने तत्त्वलाई मेटाउन खोज्दा खोज्दै। मेरो हरेक जन्म दुःखमय भएर बित्यो। हे घर निर्माण गर्ने तत्त्व हो! अब मैले तिमीलाई पत्ता लगाइसकें। अब फेरि तिमीले यो घर बनाउन सक्ने छैनौ। किनभने यस घर निर्माण गर्नेको लागि प्रयोग गरिने तिम्रा सरसामानहरू सबै नाश गरिसकें। घरको धूरी पनि खसालिसकें। अब मेरो चित्त संस्कार रहित भइसके (जन्म लिन लगाउने तत्त्व रहित) भइसके, तृष्णा विनाश भइसक्यो।

यसरी यस बुद्ध वचनले उहाँको यस संसारको आवागमन क्रम नष्ट पारिसक्नु भएको संकेत प्रष्टाउनु भएको छ। उहाँ साँचो अर्थमा विजयी बन्नुभयो। भगवान् बुद्धले प्राप्त गर्नुभएको जन्ममरण चक्रबाट अलग्ग हुने क्षमता उहाँको लागि मात्र सीमित नभई यस शिक्षालाई अभ्यास गर्न सक्ने सबै व्यक्तिका लागि मुक्तिको साधन बनेको छ। ४५ वर्ष सम्म यस शिक्षालाई गाउँ,नगर जतातते सिकाउनु हुँदै जीवनको अन्तिम घडीसम्म पनि सिकाउनुभयो।

यस अमूल्य शिक्षालाई आजसम्म पनि हामीले सिक्ने मौका पाइरहेका छौं। यसलाई हामीले हाम्रो अहोभाग्य मान्न सक्छौं। तर हामी त्यसबेलामात्र भाग्यमानी बन्न सक्नेछौं जुनबेला हामीले भगवान् बुद्धले पत्तालगाउनु भएको चतुआर्य सत्य र आर्य

*(क्रमशः पेज १७ हेर्नु होला)*

*आवरण चित्र परिचय*

# कपिलवस्तु आगमन

– आचार्य सत्यनारायण गोयन्का
भावअनुवादः वीर्यवती

महाराज शुद्धोदनले आफ्नो छोरो (गृहत्यागी) राजकुमार शिद्धार्थ सम्यक सम्बुद्ध हुनुभयो भन्ने शुभ समाचार सुन्नुभयो। त्यतिमात्र होइन उहाँले धर्मचक्र प्रवर्तन गर्नुभयो। काश्यप बन्धु आफ्ना सबै सन्यासी शिष्यहरू सहित भगवान् बुद्धको शरणमा आइसके। मगधका महाराजा बिम्बिसारले श्रद्धापूर्वक उहाँलाई आफ्नो मनोरम वेलुवन उद्यान विहारको रूपमा दान दिइसक्यो।

अल्पकालमा नै यतिका उपलब्धी र यतिका सफलता प्राप्त भएको शुभ समाचारले बुबा हुनुभएका शुद्धोदन महाराजाको मनमा उल्लास भरिदियो। आफ्नो पुत्रसंग भेटघाट गर्न लालायित हुन थाले। पुत्रलाई निमन्त्रणा पठाउनका लागि एक-एक गर्दै नौजना अमात्यहरू पठाइसके। तर उनीहरू सबै असफल रहे। उनीहरूले भगवान् बुद्धलाई महाराज शुद्धोदन समक्ष ल्याउन सकेनन्। अन्त्यमा सिद्धार्थको वाल्यकालको साथी अमात्यपुत्र कालुदायीलाई पठाइयो। कालुदायी सफल भए।

भगवान् बुद्ध आफ्नो विशाल भिक्षुसंघको साथै कपिलवस्तु पुग्नुभयो। (यसदिन बैशाख पूर्णिमाको दिन थियो)। भोलिपल्ट विहान सबै नगरवासिहरूलाई संघदान गराई पुण्य संचय गराउनका लागि भगवान् बुद्ध भिक्षुसंघ सहित घर-घरको दैलो दैलोमा भिक्षाटन गर्न थाल्नुभयो। यो खबर महाराज शुद्धोदनको कानमा पुगेपछि उहाँ ब्याकुल हुनुभयो। फलस्वरूप उहाँ स्वयं भगवान् बुद्ध समक्ष पुग्नुभयो। उहाँले भगवान् बुद्धलाई राजमहलमा निमन्त्रणा गरेर ल्याए। भगवान् बुद्ध सहित भिक्षुसंघलाई सम्मानपूर्वक भोजन गराइयो। राजदरबारका सबै सदस्यहरूले भगवान् बुद्धलाई नमस्कार गर्न आए। केबल यशोधरा आइनन्। यशोधराले यदि उनीमा गुण छ भने आर्यपुत्र (भगवान् बुद्ध) स्वयं यशोधरा निवास गृहमा आउनु हुनेछ, तब मात्र उहाँलाई वन्दना गर्नेछु भनी आफ्नै दरवारमा रहिन्।

गुणहरूको भण्डार थिए यशोधरा समक्ष। त्यसैले भगवान् बुद्ध स्वयं यशोधरा निवास गृहमा पुग्नुभयो।

यशोधरा जस्तो साध्वी पतिपरायणा गृहणीको विषयमा नासमझ तथा विरोधी तत्वहरूले नचाहिने अनेक मनगढंत फजूल हल्ला फैलाएका थिए। उनीहरूको उद्देश्य राजकुमार शिद्धार्थलाई निष्ठुर र निर्दयी सावित पार्नु थियो।

सिद्धार्थ कुमारले यशोधरालाई त्यागेर गृहत्याग गर्नुहुँदा यशोधरालाई दुःख हुनु त स्वभाविक नै थियो। तैपनि बिचमा अतिरञ्जन गर्दै नचाहिने वेकारको लाञ्छना लगाई हल्ला फैलाइएको विषय भने तथ्यहीन नै थियो। विशाल त्रिपिटक साहित्यमा सिद्धार्थ कुमारले गृहत्याग गर्नुहुँदा यशोधराले विलाप गरिएको वर्णनको केही उल्लेख छैन। यशोधरालाई आफ्ना प्रिय पति प्रति विपुल श्रद्धा थियो, भक्ति थियो र विश्वास थियो।

गृहत्याग गर्नुहुँदा सिद्धार्थ कुमारले यशोधरालाई कुनै सूचना नदिनु भएको त सत्य हो। कारण स्पष्ट छ। यशोधराले विलाप गरी विरोध नगरेपनि सुतिरहेको शिशु राहुल निन्द्राबाट बिउँझिने डर त अवश्य थियो। शिशु निन्द्राबाट बिउँझेर रून्ने बित्तिकै महाराज शुद्धोदन र महाप्रजापती गौतमी निन्द्राबाट बिउँझिनु त स्वभाविकै थियो। यस्तो अवस्थामा गृहत्याग गर्नु कठिन हुन सक्नेछ।

तर यशोधराको लागि सिद्धार्थ कुमारले गृहत्याग गरेको घटना अनहोनी अवश्य पनि हुँदैन। किनभने दुबैजना समवस्यक थिए। दुबैजना विवाह पश्चात् १३ वर्ष सम्म विना मनमुटाव सुखी दाम्पत्य जीवन बिताउन सफल रहेका थिए। दुबैले एक आपसको मनोवृत्ति राम्ररी जानेका र बुझेका थिए।

२९ वर्षको उमेर भनेको कुनै वचपन स्वभाव रहेको उमेर थिएन। दुबैजना समझदार भइसकेका थिए। गृह त्याग गर्ने विषयमा दुबैको परस्पर कुराकानी त अवश्य भएको हुनसक्छ। राजकुमार सिद्धार्थ चक्रवर्ती सम्राट नभई सम्यक सम्बुद्ध बन्न चाहनु हुन्थ्यो। जसले गर्दा उहाँले आफ्नो परिवार तथा अन्य अगणित प्राणीलाई भवसंसारको दुःखबाट पूर्णतया मुक्त गराउन सहयोगी बन्न सक्ने छ।

यस लोककल्याणी मनोवृत्तिको विरूद्ध कसरी तर्क गर्न सकिएला? यशोधराले यस जनकल्याणी विचारधारालाई विरोध गर्लिन त? किन विरोध गर्लिन र? ■

# अग्रश्रावक सारिपुत्त-२

( महाप्रज्ञावानहरू मध्ये अग्र )



✍ सत्यनारायण गोयन्का

"भन्ते ! यस्तो-यस्तो विषयमा ।"

यस्तो सुनेर भगवानले भन्नुभयो– मैले कसैको मुख हेरेर यस्तो पद दिएको होइन, उनीहरूले पूर्वजन्ममा अधिस्थान गरेको कर्मको फल-स्वरूप नै यस्तो स्थान प्राप्त गरेका हुन् । अञ्ञाकोण्डञ्ञले तत्कालीन बुद्ध समक्ष आफ्नो खेतमा फलेको अन्न नौ पटक दान दिएर "पहिलो धर्मोपदेश सुनेर सबैभन्दा पहिलो पटक अर्हत हुने इच्छा व्यक्त गरेका थिए, उनले अग्र-श्रावकको स्थान मागेको थिएन । तर यी दुबै भिक्षुहरू (सारिपुत्त र मोग्गल्लान) ले अग्रश्रावक हुने संकल्प गरेका थिए ।"

भिक्षुहरूले भगवानसंग आयुष्मान सारिपुत्त र आयुष्मान मोग्गल्लानको पूर्व जन्मको बारेमा जान्ने उत्सुकता ब्यक्त गरे । भिक्षुहरूको निवेदन सुनेर भगवानले अग्रश्रावकहरूको जन्मकथा बताउनु भयो ।

आजभन्दा असंख्य कल्पपूर्व सारिपुत्त र मोग्गल्लान अलग-अलग समृद्ध ब्राह्मण कुलमा जन्मेका थिए । सारिपुत्तको नाम सरद माणवक र मोग्गल्लानको नाम सिरिवड्ढन कुटुम्बिक थियो । दुबै घनिष्ठ साथी थिए, संग-संगै खेल्ने कुद्ने गर्दथे । आफ्नो बुबाको मृत्यु पछि सरद माणवकको मनमा वैराग्य जाग्यो । आफ्नो अपार धन सम्पत्ति श्रमण, ब्राह्मण, सेवक तथा साथी-भाईहरूलाई दान दिएर प्रव्रज्या ग्रहण गरे । त्यससमय भगवान अनोमदस्सी सम्यक सम्बुद्धको शासन थियो । उहाँ धम्म प्रसारणका लागि निस्किनु भएको थियो । सरद माणवकले वन्दना गरे । भगवान अनोमदस्सी तथा उनका श्रावकहरूका लागि आसन आदिको उचित ब्यवस्था गरे । शास्ताले आसन ग्रहण गर्नु भएपछि अग्रश्रावक निसभ र अनोमले पनि आ-आफ्नो आसन ग्रहण गरे । बाँकी शिष्यहरूले पनि आ-आफ्नो आसन ग्रहण गरे । सरद माणवकले निसभ र अनोमको सम्बन्धमा जान्ने इच्छा भगवान समक्ष प्रकट गरे । भगवानले दुवैको काम र महत्वको बारेमा बताउनु भयो ।

सरद माणवकले संघ-सहित भगवानलाई एक हप्तासम्म लगातार भोजन दान दिन आमन्त्रित गरे । अत्यन्त श्रद्धा पूर्वक शास्ता र संघको स्वागत सत्कार गरे । भगवानको लागि आसनको ब्यवस्था गरे । सातै दिनसम्म विभिन्न प्रकारका स्वादिष्ट भोजन दान दिएर संघको सेवा गरे । सातौं दिनमा भोजन तथा वस्त्र आदि दान दिएर भगवान समक्ष प्रार्थना गरे कि– "भन्ते ! सात दिनसम्म मैले तपाईं र संघको सेवा गरेर केही पूण्य आर्जित गरेको छु, त्यस पूण्यको प्रतापले मलाई इन्द्र हुने र ब्रह्मा हुने कुनै इच्छा छैन तर भविष्यमा निसभ स्थविर झैं कुनै बुद्धको प्रथम श्रावक हुने इच्छा छ ।"

शास्ताले सरद तपश्वीको भूत-भविष्य र उनको वर्तमान शक्ति-सामर्थ्य जाँचेर हेर्नु भयो र भन्नु भयो– "असंख्य कल्प पछि लोकमा गौतम नामको सम्यक सम्बुद्ध उत्पन्न हुनेछ । महामाया र सुद्धोदन उनका माता-पिता हुनेछन् । राहुल नामको छोरो हुनेछ । आनन्द उपस्थाक हुनेछ । महामोग्गल्लान उनका द्वितीय अग्रश्रावक हुनेछ । तिमी धर्म सेनापति सारिपुत्त नामले उहाँ सम्यक सम्बुद्धका प्रथम अग्रश्रावक हुनेछौ ।"

यही कुरा सरद तपश्वीले आफ्ना साथी सिविड्ढनलाई बताए । द्वितीय स्थानको लागि भगवानसंग प्रार्थना गर्न भने । सरदको निर्देशनानुसार सिरिवड्ढनले पनि प्रार्थना गरे । उनको पनि संचित पूण्य कर्म थियो । उनको पनि क्षमता र योग्यता थियो । उनको भूत र भविष्यको समय जाँचेर भगवान अनोमदस्सीले द्वितीय अग्रश्रावक हुनसक्ने भविष्यवाणी गर्नुभयो ।

"भिक्षुहरू ! प्रत्येक ब्यक्तिलाई जे जति प्राप्त हुन्छ, त्यो तिनको परिश्रम योग्यता र प्रार्थनाको अनुसार नै प्राप्त हुन्छ । तथागत कसैको मुख हेरेर कसैलाई अग्रस्थान प्रदान गर्दैन ।"

यस्तो सुनेर भिक्षुहरूले भगवानको कथनलाई सहर्ष अनुमोदन र अभिनन्दन गर्नु भयो ।

— ✾ —

एक समय भगवान सावत्थी (श्रावस्ती) मा रहनु भएको थियो । त्यस समय आयुष्मान आनन्द भगवानको छेऊमा जानुभयो र उहाँलाई अविवादन गर्नुभएपछि एक तर्फ बस्नुभयो । तब आनन्दलाई भगवानले सोध्नुभयो– "आनन्द ! तिमीलाई सारिपुत्त मनपर्छ"

"भगवान ! मूर्ख, दूष्ट, मूढ र शंकालु ब्यक्तिलाई छोडेर सारिपुत्त कसलाई मन पर्दैन होला र ?

"भन्ते ! आयुष्मान सारिपुत्त पंडित हुनुहुन्छ । भन्ते ! उहाँ महाप्रज्ञावान हुनुहुन्छ, उहाँ अतिविस्तृत प्रज्ञावान हुनुहुन्छ । भन्ते ! उहाँ अत्यधिक प्रसन्न, तीब्र र तीक्ष्ण प्रज्ञा भएको हुनुहुन्छ । भन्ते ! आयुष्मान सारिपुत्त अल्पइच्छा राख्ने, सन्तोषी र विवेकशील हुनुहुन्छ । उहाँ अनाशक्त, उत्साही, कुशल वक्ता, वचन कुशल, ब्याख्याकार, पापनिंदक हुनुहुन्छ । भन्ते ! मूर्ख, दुष्ट, मूढ र सन्की ब्यक्तिलाई छोडेर महास्थविर सारिपुत्रलाई मन नपराउने अरू कोही हुँदैन ।

तब भगवानले आयुष्मान आनन्दको भनाईलाई अनुमोदन गर्नु भयो ।

— ✾ —

सारिपुत्त अर्थज्ञ, धर्भज्ञ, मात्रज्ञ, कालज्ञ र परिषदको जानकार हुनुहुन्छ । सारिपुत्त तथागतद्वारा उपदेशित धर्मलाई यथोचित तरिकाले प्रवर्तित गर्नसक्नु हुन्छ । अगाडि बढाउन सक्नु हुन्छ । यी पाँचवटा गुण भएको कारणले नै उहाँको समान न कोही श्रमण, न कोही ब्राह्मण न कोही देव, न कोही मार, न कोही ब्रह्मा नै छन् । तसर्थ यस धर्मचक्रलाई भगवान शास्ताले भैं महास्थविर सारिपुत्तले मात्रै प्रवर्तित गर्न सक्छन् । यसर्थ उहाँ भगवानका धर्म सेनापति हुन् ।

भगवानले सारिपुत्तको अर्थ, ब्याख्या, प्रज्ञा आदिको आधारमा नै उहाँलाई अग्रको उपाधि प्रदान गर्नु भएको हो । भगवानले सारिपुत्तको प्रज्ञा-प्रताप कति छ भन्ने बारेमा सबैलाई जानकारी दिने सोच्नुभयो । यस्तो सोचेर एक पटक देव तथा मनुष्यको अनन्त सभामा सरलताबाट जटिलतातर्फ बढाउँदै क्रमशः प्रश्न सोध्न थाल्नु भयो । सर्वप्रथम पृथग्जनहरूलाई सोध्नुभयो, जुन प्रश्न उहाँहरू उत्तर दिन सक्थे, त्यसपछि सोतापत्तिको विषय प्रश्न गर्नुभयो जस्को उत्तर सोतापत्ति भएकाहरूले दिन सक्थे, पृथग्जनहरू चूप लागेर बस्नु भयो । फेरि क्रमशः सकदागामी विषयक प्रश्न सोध्नुभयो सोतापन्नहरू चूप रहनु भयो । अनागामी विषयक प्रश्न सोध्नु भयो, सकदागामीहरू चूप रहनु भयो । अर्हन्त विषयक प्रश्न गर्नुभयो अनागामीहरू चूप । त्यसपछि महामोग्गल्लानको विषयमा प्रश्न गर्नु भयो जसको उत्तर उहाँले मात्रै दिन सक्नु भयो अन्य अग्रश्रावकहरू चूप रहे । त्यसपछि सारिपुत्तको विषयमा प्रश्न गर्नुभयो, जसको उत्तर उहाँ मात्रै दिन सक्नु हुन्थ्यो । त्यस पछि बुद्धको विषयमा प्रश्न सोध्नु भयो । स्थविर सारिपुत्त ध्यान दिएर पनि त्यस प्रश्नको उत्तर दिन सक्नु भएन । तब भगवानले केही संकेत दिनुभयो ।

तब सारिपसुत्तलाई सयौं, हजारौं, लाखौं तरहले त्यसको उत्तर सुल्भियो तब सारिपुत्तले भन्नुभयो, "भन्ते ! यदि पुरा कल्पसम्म लगातार वर्षा भएपनि, म त्यसको एक-एक थोपा गन्न सक्छु कि कति थोपा धरतीमा खस्यो, कति थोपा पहाडमा खस्यो र कति थोपा महासागरमा खस्यो ।" तब भगवानले भन्नु भयो कि "सारिपुत्त मलाई थाहा छ कि तिमी कत्तिको समर्थवान् छौ, प्रज्ञामा तिमी भैं कोही हुन सक्दैन ।"

सर्वज्ञ बुद्धको क्षेत्रको उत्तर सारिपुत्तले दिएको सुनेर भिक्षुहरू बिच चर्चा चल्यो, "जस्को उत्तर कसैले दिन सकेको थिएन त्यसको उत्तर धर्मसेनापतिले दिनुभयो ।"

भगवानले भन्नुभयो, "भिक्षुहरू ! अतित कालमा पनि सारिपुत्तले यस्ता प्रश्नहरूको उत्तर दिएका थिए, जसको उत्तर अरू कसैले पनि दिन सकेको थिएन ।

अतीत कालमा एकपटक बोधिसत्त्व ब्राह्मण कुलमा जन्मेका थिए । पछि प्रव्रजित भएर आफ्ना शिष्यहरू

सहित हिमालयमा गएर बसे । एक दिन बोधिसत्त्वका आधा शिष्यहरू लिएर प्रधान शिष्य नगरमा गएका थिए । त्यही समय बोधिसत्त्वको अन्तिम समय आएछ । उनको अन्तिम अवस्था आईपुग्दा शिष्यहरूले आचार्यलाई ध्यान उपलब्धि कत्तिको गर्नुभयो भन्ने प्रश्न गरे ।" तर यसको उत्तरमा "केही छैन" मात्र के भन्न पाएका थिए, त्यसै समय बोधिसत्त्व आचार्यको मृत्यु भयो । बोधिसत्त्व आभास्वर देवलोकमा उत्पन्न हुन पुग्यो ।

बोधिसत्त्वले ध्यानको उपलब्धि केही नगरेको बुझी त्यहाँ रहेका शिष्यहरूले यथोचित सत्कार नगरिकन दाहसंस्कार गरे ।

प्रधान शिष्य जब नगरबाट फर्के तब आफ्ना आचार्यको मृत्युको खबर सुने । तब उनले आफ्ना साथीहरूलाई सोधे कि "के तिमीहरूले आचार्यको अधिगमनको बारेमा सोध्यौ ?" साथिहरूले भने– "हामीले सोधेका थियौं तर उहाँले "केही छैन" भन्ने उत्तर दिनुभयो । यस्तो थाहापाएर हामीले उहाँको कुनै सत्कार नगरी शरीर विसर्जन गर्‍यौं ।

प्रधान शिष्यलाई आश्चर्य लाग्यो । उनले भने, "तिमीहरूले उहाँको आशय बुझ्न सकेनौ, आचार्य आकिंचन्यायतन ध्यानको लाभी हुनुहुन्थ्यो ।" तर उनको कुरालाई शिष्य साथिहरूले स्वीकार गर्न सकेनन् । तब ब्रह्म-लोकमा प्रकट भएका बोधिसत्त्व उनीहरू समक्ष प्रकट भएर सम्झाए ।

त्यस समयमा बोधिसत्त्व भगवान बुद्ध हुनुहुन्थ्यो र प्रधान शिष्य सारिपुत्त हुनुहुन्थ्यो ।

— ✻ —

भगवान गौतम बुद्धले सम्यक सम्बोधि प्राप्त गर्नु भएपछि करीब बीस वर्षसम्म अनेक उपस्थाक (सेवक) हरूले भगवानको सेवा गरे । ती मध्ये नागसभाल, नागित, उपवाण, सुनक्खत्त, चुन्द, सागत र मेघिय थिए । तर यी मध्ये कसैले पनि यथोचित सेवा प्रदान गर्न सकेका थिएन । यिनीहरू भगवानको आदेशलाई रित पूर्वक पालना गर्दैनथे । यदि शास्ता पूर्व तिर जानुभयो भने यिनीहरू पश्चिम तिर लाग्दथे । कहिले शास्ताको हातमा पात्र-चीवर थम्याएर आफूहरू मनलागेको बाटो लाग्थे । कहिले काँही त पात्र-चीवर बाटोको एक ठाउँमा राखेर आफू अर्को तिर लाग्थे । त्यस्तै कहिले काँही आफ्नो असंयमित चित्तको कारण आफूलाई समस्यामा पार्थे, तब भगवान उनीहरूलाई सहयोग गर्नुहुन्थ्यो ।

तब एकदिन स्थविरहरूको माझ घेरिएर रहनु भएको भगवानले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नु भयो– "भिक्षुहरू अब म बूढो भएँ, म यहाँबाट जाउँभन्दा उपस्थाक अर्को बाटो लाग्छ । कति बेला मेरो पात्र चीवर बाटोमा फ्याँकेर जान्छ, तिमीहरू मध्ये कोही मेरो लागि उपस्थाक खोज्नु, जसले मलाई सेवा प्रदान गर्न सकून् । यस्तो सुनेर भिक्षुहरूको मनमा धर्म संवेग जाग्यो ।

तब आयुष्मान सारिपुत्त उठेर भगवानलाई वन्दना गर्दै भने, "भन्ते ! म भगवानको सेवा गर्नेछु । भन्ते ! मैले हजूरलाई पाउन एक लाख भन्दा अधिक कल्पसम्म पारमिता पूर्ण गरेको छु । निश्चित नै मैले हजुरको सेवा गर्नुपर्छ, म हजूरको उपस्थाक बन्छु ।" भगवानले उत्तर दिँदै भन्नु भयो, "सारिपुत्त भयो ! जुन दिशा तर्फ तिमी विहार गर्छौ, त्यहाँ तिमी त्यत्तिकै निपुण छौ । तिमीले दिएको उपदेश बुद्धले दिएको उपदेश समान हुन्छ । यसप्रकार तिमीद्वारा मेरो सेवा भईरहेको छ ।

— ✻ —

एक समय आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो, "जो कोही भिक्षु अथवा भिक्षुणीले आफू भित्र यी चार कुराहरू देख्छन् उनीहरूले निश्चित रूपले थाहापाउनु पर्छ कि म भित्र-कुशल धर्म ह्रास भयो । भगवानले पनि यसलाई सही भएको बताउनु भयो ।

राग बृद्धि हुनु, द्वेष बृद्धि हुनु, मोह बृद्धि हुनु र गम्भिर विषयमा प्रज्ञा रूपी चक्षुको गति नहुनु । भिक्षुहरू जसले आफू भित्र यी चार कुरा रहेको थाहापाएमा निश्चित रूपले बुझ्नु पर्छ कि मेरो कुशल धर्मको ह्रास हुनेछ ।

त्यस्तै आफू भित्र यी चार कुरा रहेको छ भने निश्चित रूपले थाहापाउनु पर्छ कि मेरो कुशल धर्मको ह्रास हुँदैन । राग क्षीण हुनु, द्वेषको क्षीण हुनु, मोहको क्षीण हुनु र गम्भिर विषयहरूमा प्रज्ञा-रूपी चक्षुको गति हुनु भन्ने थाहापाउनु । यदि आफू भित्र यी चार कुराहरू भएमा आफ्नो कुशल धर्म बढ्छ ।

आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्झाउँदै भन्नुभयो, "जुन कुरा सेवन गर्नाले आफ्नो अकुशल धर्म बढ्छ र कुशल धर्म क्षीण हुन्छ। त्यस्तो कुरा सेवन गर्नु हुँदैन। जुन कुरा सेवन गर्नाले अकुशल धर्म क्षीण हुन्छ र कुशल धर्म बढ्छ त्यस्तो कुरा सेवन गर्नु पर्छ।

— ✽ —

एक समय आयुष्मान सारिपुत्त सावत्थीमा अनाथपिण्डिकको जेतवन आराममा विहार गरिरहनु भएको थियो। एकजना भिक्षु उहाँलाई भेट्न आए र अभिवादन गरेपछि प्रश्न सोधे "आयुष्मान सारिपुत्त! मेरो एक जना शिष्य धर्म शिक्षा छोडेर घर-गृहस्थीमा फर्कियो।"

आयुष्मान सारिपुत्तले उत्तर दिंदै भन्नुभयो– "आवुस! जो व्यक्ति इन्द्रियमा संयमित हुँदैन, भोजनको मात्रा जाँन्दैन, जागरणशील हुँदैन, उसको यस्तै हालत हुन्छ। यस्तो व्यक्तिबाट जीवनपर्यन्त पूर्ण, परिशुद्ध ब्रह्म चर्यवासको आशा गर्नु मिल्दैन।"

आयुष्मान सारिपुत्त! कोही व्यक्तिले इन्द्रियहरूलाई कसरी वशमा राख्न सकिन्छ?

आवुस! भिक्षु जसले आँखाले केही देखेर लोभ गर्दैन, त्यसमा रस देख्दैन, यदि लोभ गऱ्यो भने द्वेष र पापमय अकुशल धर्म प्रवेश हुन्छ। त्यसैले त्यसलाई हटाउन सँधै प्रयत्नशील रहन्छ; त्यसैले आँखालाई संयमित गर्दछ।

त्यस्तै प्रकारले कानबाट सुनेर, जिब्रोले चाखेर, नाकले सुँघेर, छालाले स्पर्श गरेर र मनमा आउने कुराहरूलाई थाहापाएर त्यस प्रति रस लिंदैन। यदि रस लिएको खण्डमा लोभ, द्वेष र पापमय अकुशल धर्म प्रवेश गर्दछ। त्यसैलाई जानेर इन्द्रिय विषयहरू प्रति संयमित रहन्छ।

"आयुष्मान कोही व्यक्ति भोजनमा मात्रज्ञ कसरी हुन्छ?"

आयुष्मान! भिक्षु ज्ञानपूर्वक ठीक तरिकाले आहार ग्रहण गर्दछ, न रमाईलो गर्नको लागि, न मोज गर्नको लागि, न शरीरलाई मस्त राख्नको लागि, न विभूषित गर्नको लागि, उसले आफ्नो शरीरलाई बाँच्न चाहिने आवश्यक आहारमात्र ग्रहण गर्छ। भोक लागेर जुन पीडा हुन्छ त्यसबाट बच्न तथा बह्मचर्यको अभ्यास ठीक तरिकाले गर्न सकून ता कि पुरानो वेदनालाई क्षीण गरेर नयाँ वेदना उत्पन्न हुन नपाउन् र जीवन यात्रा निर्दोष तथा सुखपूर्वक होउन्। यसप्रकार भिक्षु भोजनको मात्रा जानेर खान्छ।

"आयुष्मान सारिपुत्त! कोही व्यक्ति सदैब कसरी जागरणशील हुन्छ?"

"आयुष्मान! भिक्षु दिनमा चक्रमण गरेर, आसनमा बसेर, चित्तलाई अकुशल धर्मबाट शुद्ध राख्छ। रातीको प्रथम याममा चंक्रमण गरेर तथा आसनमा बसेर अकुशल धर्मबाट चित्तलाई शुद्ध राख्छ। रातिको मध्य याममा दाहिने तर्फ कोल्टे फर्केर खुट्टा माथि खुट्टा राखेर सिंहशैय्यामा स्मृतिमान संप्रज्ञ र उत्साहित रहन्छ। रातिको पछिल्लो याममा चंक्रमण पछि आसनमा बसेर अकुशल धर्मबाट चित्तलाई शुद्ध राख्दछ। यसप्रकार कोही व्यक्ति सदैव जागरण शील रहन्छ।

आवुस! यसरी इन्द्रियहरूलाई संयमित गरेर, भोजनको मात्रा जानेर सदैव जागरणशील रहन सिक्नु पर्छ।

— ✽ —

आयुष्मान सारिपुत्तले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभयो– भिक्षुहरू निम्न पाँच प्रकारका व्यक्तिहरू प्रति यदि मनमा विरोध भाव उत्पन्न भएको छ भने त्यसलाई उपशमन गर्दै अघि बढ्नु पर्छ।

(१) कायिक कर्म अशुद्ध तर वाचिक कर्म शुद्ध भएको व्यक्ति–

जस्तो कोही पांशुकूलिक भिक्षु जसले श्मसानमा फालिएको कपडा जोडेर चीवर लगाउँछ, यदि उसले कतै कपडा भेट्टायो भने त्यस कपडा च्यातेर असल मात्र लिन्छ। झूत्रो कपडा फाल्छ। ठीक त्यस्तै प्रकारले अशुद्ध कायिक कर्मलाई त्यागेर शुद्ध वाचिक कर्मलाई ध्यानमा राखि त्यसप्रकारको व्यक्तिको प्रति मनमा उत्पन्न भएको विरोध भावलाई हटाउनु पर्छ।

(२) कायिक कर्म शुद्ध तर वाणीको कर्म अशुद्ध भएको व्यक्ति–

जस्तो कुनै शुद्ध पानी भएको पोखरी छ, गर्मीले

आक्रान्त भएको व्यक्ति तिर्खा मेटाउन त्यस पोखरीको छेउमा गई, पानीमा उत्रेको पातहरू हटाई अञ्जुली भरी पानी भरेर पिउँछ र आफ्नो प्यास मेटाउँछ। ठीक यस्तै प्रकारले व्यक्तिको अशुद्ध वाणीको कर्मलाई छोडेर शुद्ध कायिक कर्मलाई ध्यानमा राखी त्यस व्यक्ति प्रति मनमा उत्पन्न भएका विरोधभावलाई हटाउनु पर्छ।

(३) कायिक तथा वाचिक कर्मले अशुद्ध तर थोरै समयको लागि चित्त शुद्धि गरि प्रीति उत्पन्न गर्ने व्यक्ति–

जस्तो गाईले कुल्चेर बनेको खाल्टोमा पानी भरेको छ। गर्मीले थाकेर आकुल-व्याकुल भएको कोही व्यक्ति आफ्नो प्यास मेटाउन त्यस खाल्टो निर पुगेर यस्तो सोच्छ कि, यो खाल्टोको पानी अञ्जुलीमा भरेर पिऊँ भने पानी धमिलो हुनेछ। त्यसैले घुँडा र हातले टेकेर गाई-भैंसीले खाएँ झैं पानी खानुपर्ला। उसले त्यसरी पानी खाएर जान्छ। ठीक यस्तै प्रकारले कोही व्यक्तिको कायिक र वाचिक अशुद्ध कर्मलाई ध्यान नदिईकन बिच-बिचमा प्राप्त भएको शुद्ध कर्म र चित्तमा जागेको प्रीतिलाई ध्यान दिएर त्यस प्रकारको व्यक्ति प्रति उत्पन्न विरोधभावलाई हटाउनु पर्छ।

(४) कायिक र वाचिक कर्म अशुद्ध भएको व्यक्ति जो थोरै समयको लागि पनि प्रीति युक्त हुँदैन–

कोही रोगबाट पिडीत दुःखी, खिन्न मन भएको व्यक्ति बाटोमा हिंड्दै छ। उसको अगाडि र पछाडि गाऊँ पनि धेरै टाढा छ। न उ संग औषधि नै छ, न बाटो नै राम्रो छ, न कोही योग्य सेवा गर्ने व्यक्ति नै छ, न उसलाई नजिकको गाउँसम्म पुऱ्याई दिने कोही व्यक्ति नै छ। यस्तो स्थितिमा उसलाई देखेर कसैको मनमा उ प्रति करूणा जाग्यो कि ओहो! यो व्यक्तिसंग न औषधि नै छ, न बाटो नै राम्रो छ, न सेवा गर्ने कोही व्यक्ति नै छ अथवा कोही मद्दत गर्ने व्यक्ति नै छ ता कि यस्तो एकान्तमा कतै उनको मृत्यु नहोउन्। यस व्यक्तिको प्रति दया, करूणा तथा अनुकम्पाको भाव राख्नु पर्छ। जसबाट उसले कायिक, वाचिक, मानसिक दुश्चरित्रतालाई छोडेर सुचरित्रताको जीवन व्यतीत गर्न सकुन्। ताकि यस शरीर च्यूति पछि, मृत्यु पछि नरकमा दुर्गति प्राप्त गर्नु नपरोस्। यसप्रकार त्यस व्यक्ति प्रति चित्तमा उत्पन्न विरोध भाव हटाउनु पर्दछ।

(५) कायिक वाचिक कर्मद्वारा शुद्ध रहने व्यक्ति जसले पटक-पटक चित्तको शुद्धि र प्रीति प्राप्त गर्दछ–

जस्तो कुनै स्वच्छ, शीतल र अनेक फूल तथा फलका बोट भएको बगैंचाको नजिकै पोखरी पनि छ। गर्मीले व्याकुल, थकाईले चूर, अति तिर्खाएको कोही व्यक्ति त्यस बगैंचामा गएर आराम गर्छ, पोखरीमा नुहाउँछ र शीतल पानी पिएर रूखको छहारीमा पल्टिन्छ। यस्तै प्रकारले कायिक, वाचिक कर्मद्वारा शुद्ध रहने व्यक्ति जसले बीच-बीचमा चित्त शुद्धि र प्रीति प्राप्त गर्दछ, उसको कायिक, वाचिक र मानसिक कर्म प्रति ध्यान दिनुपर्छ। यसप्रकार यस्तो व्यक्तिको प्रति चित्तमा उत्पन्न विरोधभाव हटाउनु पर्छ।

आयुष्मान! यसरी यी पाँच प्रकारका व्यक्तिहरू प्रतिको विरोधभाव उत्पन्न भएमा त्यसको सर्वथा उपशमन गर्नु पर्छ।

*(साभार- 'विपश्यना'*
*बुद्ध वर्ष २५६१;*
*बि.सं. २०७४ आश्विन;*
*वर्ष ३४ अङ्क ६)*



- ***अनेक जन्म बित्यो गृह निर्माण गर्नेलाई खोज्दा-खोज्दै। मेरो हरेक जन्म दुःखमय भएर बित्यो। हे गृह निर्माण गर्ने बुद्धि हो! अब मैले तिमीलाई देखिसकें, फेरि तिमीले गृह बनाउन सक्ने छैनौ। घर बनाउनको लागि प्रयोग गरिने तिम्रा सरसामान सबै भाँचिदिएँ। घरको धुरी पनि खसालिसकें। मेरो चित्त अब संस्काररहित भई तृष्णाको विनाश भइसक्यो।***
- ***प्रव्रजित भएर गर्नुपर्ने कामलाई दृढतापूर्वक गर। शिथिल स्वभाव हुने परिव्राजकले आफ्नो मनमा चित्तमल (क्लेश) झन बढाउँदै लाने गर्छ।***
- ***खराब काम नगर्नु नै वेश। खराब काम गर्दा पछुतो हुन्छ। राम्रो काम गर्नु नै वेश, जुन काम गर्नाले पछि ताप हुँदैन।***

***– धम्मपद***



# अनाथपिण्डिक पुत्र

✍ **भिक्षु अमृतानन्द**

भगवान् बुद्धको समयमा श्रावस्ती नामक नगरमा अनाथपिण्डिक भन्ने एकजना महाजन थिए। तिनको काल भन्ने एकजना छोरो थियो। भगवान्का अनन्य भक्त अनाथपिण्डिकको छोरो भए तापनि कालकुमारको भगवान्प्रति श्रद्धा शून्यमात्रै होइन, उल्टो भगवान् तथा भिक्षु श्रमणहरूलाई गाली गरेर हिंड्थ्यो। भगवान् आफ्नै घरमा पनि कहिलेकाँही आउनु नै भएता पनि नमस्कारसम्म गर्ने विचार पनि त्यो गर्दैनथ्यो। धर्मकथा आदि सुन्ने इच्छा पनि त्यसको थिएन। आमाबाबुको कुरा कुनै सुन्दैनथ्यो। भगवान्मा श्रद्धा भक्ति राख्नु पर्दछ भन्ने बाबुको उपदेशलाई त्यो टेर्दैनथ्यो। बाबु भएका अनाथपिण्डिकको मनमा भने "यो छोरो कस्तरी मिथ्यादृष्टि भएको ? यस्तो भयो भने यो केटो दुर्गतिमा पर्दछ। म छँदाछँदै यसलाई मिथ्यादृष्टि गरी दुर्गतिमा खस्न दिनु त उचित हैन। "अदन्तं दमनं दानं" अर्थात् जस्तोसुकै अदम्य पुद्गलहरूलाई दानद्वारा दमन गर्न सकिन्छ, विनीत गर्न सकिन्छ भनेर लेखेको छ भने देखुन् यो केटो एकजनालाई मैले विनीत गर्न नसकुंला र ? यसलाई म दानद्वारा दमन गर्दछु।" भन्नेविचार उत्पन्न भइरहेको थियो। छोरालाई डाकी तिनले भने- "प्रिय पुत्र ! विहारमा गई अष्टशील पालन गरेर आयौ भने तिमीलाई म एक हजार दाम दिन्छु।"

"साँच्चै दिनु हुने हो !"

"साँच्चै दिन्छु।"

यस प्रकारले बाबुलाई कराल गराई त्यो कालकुमार शील ग्रहण गर्न विहारतिर हिंड्यो। शील ग्रहण पनि गर्‍यो। शील ग्रहण गरेपछि बेलुका धर्म-कथादि सुन्नु पर्दछ भन्ने कुरा त्यसलाई केही विचार भएको होइन। त्यो त बेलुका हुनासाथ एक कुनामा गई रातभरि सुती भोलिपल्ट विहान सबेरै उठी घरतिर हिंड्यो।

घर आएको छोरालाई देख्नासाथ बाबुचाहिंले, हिजो व्रत बसेको भोक लागेको होला भनी, पहिले खानेकुराको थाल परोसी दियो। तर, खानेकुरो वास्ता नगरी हिजो दिन्छु भनेको एकजार दाम पहिले माग्यो। अनि बाबुले पनि छोराको जिद्दी देखेर दाम ल्याएर दियो। दामको पोको पाएपछि मात्र कालकुमारले पनि खानेकुरो खायो।

फेरि, एकदिन अनाथपिण्डिकले छोरालाई डाकी भने- "प्रिय पुत्र ! तिमी फेरि एकपटक भगवान् कहाँ गई अष्टशील पालन गरी वहाँले आज्ञा गर्नुभएको धर्म-पद एक लाइन सम्झेर मलाई सुनाउन सक्यौ भने अर्को एकहजार दिनेछु।"

बाबुको यस्तो कुरा सुनी त्यो कालकुमार दाम पाउने लोभमा साह्रै खुसी हुँदै विहारमा गई अष्टशील पालन गरी भगवान्ले धर्मोपदेश गरिरहेको ठाउँमा गएर बस्यो। एकाग्र चित्तले सुनिरह्यो पनि।

कालकुमार त्यहाँ आएको कारण बुझी भगवान्ले आफ्नो ऋद्धिबलको प्रभावले धर्मोपदेशको एक अक्षर पनि त्यसले सम्झिराख्न नसक्ने गरिदिनु भयो।

कुमारले पनि भगवान्को उपदेशको एक लाइन् सम्झिराख्न खूब कोशिश गर्‍यो, तर एक शब्द पनि स्मृतिपटमा अडाइ राख्न सकेन। माथिको पद नसके तलको पद त ग्रहण गरूँ भनी खूब कोशिशले एकाग्र चित्त गरी धर्मोपदेश सुनिरह्यो।

जुन व्यक्तिले 'धर्मपद सम्झिराख्नु पर्दछ' भनी एकचित्त गरी धर्मश्रवण गर्दछ त्यस व्यक्तिले अवश्यमेव श्रोतापत्ति आदि मार्ग-फल प्राप्त गर्दछ। कालकुमार पनि

त्यस्तै दृढ भएर धर्मोपदेश सुनिरह्यो। भगवान्‌ले भने आफ्नो ऋद्धिबलले छोपि राख्नु भएकै थियो, तैपनि त्यो कुमारले आफ्नो उत्साह र उद्योगलाई झनझन् बढाउँदै थियो। 'यो नभए अर्को, अर्को नभए अझ अर्को सम्झूं' भन्दा भन्दै रातभर ध्यानपूर्वक धर्मोपदेश श्रवण गर्दा त त्यसको चित्त स्रोतापत्ति फलमा प्रतिष्ठित भयो। यति भएपछि त्यो कालकुमार भोलिपल्ट विहान भगवान् प्रमुख सकल भिक्षुसंघलाई साथमा लिई आफ्नो घरतिर हिंड्यो।

अनाथपिण्डिकले आफ्नो छोराको मुख देखेपछि यस्तो विचार मनमा उब्जाए- "आज त मेरो छोराको मुख प्रसन्न छ मन पनि प्रफुल्ल देखिन्छ।"

कालकुमारको मनमा भने अर्कै त्रास उत्पन्न भइरहेको थियो- "आज मलाई अस्ति जस्तो दामको पोको दिन नल्याउनु भए हुने थियो।"

कालकुमारको मनमा यस्तो विचार उठेको कारण के थियो भने बाबुले दामको पोका अघिल्तिर राख्न ल्याउनु भयो भने यसले शीलपालन गरिरहेको त दामको पोका हात लागी गर्न पो रहेछ भनी सबैले थाहा पाउँछन् भनेर हो। किन्तु भगवान्‌बाट यो कुरा लुकेकै पनि कहाँ हुन्थ्यो र।

अनाथपिण्डिकले आफ्ना छोरा सहित भगवान् बुद्ध प्रमुख सकल भिक्षु संघलाई भोजन गराए।

पहिले-पहिले भए दामको पोका अघिल्तिर नराखी खाँदै नखाने केटोले आज त्यसको वास्ताकिस्ता नै नगरी चूप लागी सुरूसुरू खान थाल्यो।

भगवान्‌को भोजन सकिएपछि अनाथपिण्डिक महाजनले दामको पोका छोराको अघिल्तिर राख्दै भने- "कालकुमार शीलपालन गरेर आएपछि दिन्छु भनेको पोका यही हो, लौ लेऊ।"

भगवान्‌को अघिल्तिर बाबुले त्यसरी दामको पोको राख्न ल्याएको देखेर कालकुमारलाई साह्रै लाज लाग्यो। त्यसले भन्यो- "पिताजी ! दाम फिर्ती लैजानुहोस्, मलाई चाहिंदैन।"

बाबुचाहिंले दामको पोको नलगी त्यहीं अघिल्तिर राखी छोडे। भगवानलाई पञ्चाङ्ग प्रणाम गर्दै निवेदन गरे- "भन्ते ! आज पुत्र कुमारको मुख प्रसन्न छ, मन पनि अति प्रफुल्ल देखिन्छ।"

भगवान्- "किन, के भएर हो ?"

महाजन- "भन्ते ! यसलाई मैले पहिले पहिले विहारमा पठाउनलाई मात्रै पनि दामको पोका हातमा राखिदिनु पर्दथ्यो। दाम हातमा नपरी खानसम्म खाँदैनथ्यो। तर, आज शीलपालन गरेर आएको छ भनी दामको पोको दिंदा 'मलाई चाहिँदैन' भनी त्यो दामको पोका छुंदासम्म पनि छोएन।"

भगवान्- "हे अनाथपिण्डिक ! आज तिम्रो छोरा कालकुमारले चक्रवर्ती-राज्यभन्दा पनि उत्तम, देवलोक ब्रह्मलोकको श्रीसम्पत्तिभन्दा पनि श्रेष्ठ वस्तु श्रोतापत्ति-फल प्राप्त गरेको छ। अब त्यसलाई यस्तो लौकिक धन चाहिँदैन।

यति आज्ञा गरी भगवान्‌ले पुनः निम्न श्लोक आज्ञा गर्नुभयो-

**"पथब्या एकरज्जेन, सग्गस्स गमनेन वा।**
**सब्ब लोकाधिपच्चेन, सोतापत्तिफलं वरं'ति।"**

अर्थ- चक्रवर्ती-राज्य र स्वर्गलोकको सुखभोगभन्दा समस्त संसारकै अधिपति भएर बस्नु भन्दा पनि स्रोतापत्ति फल प्राप्त गर्नु उत्तम छ।

किनभने- उपर्युक्त राज्यादि सुखभोग गरेर बसे पनि दुर्गति नरकमा पर्ने सम्भावना हुन्छ। श्रोतापत्ति फलमा पुगेपछि त्यस्तो नरकादिको भय हुँदैन। स्रोत्तापन्न भइसकेको व्यक्तिको धर्म जस्तोसुकै कमजोर भएपनि त्यसले संसारमा सात पटकभन्दा बढ्ता जन्म लिनु पर्दैन। सातौं पटकको जन्ममा सम्पूर्ण क्लेशादि निरोध हुन्छ र जन्ममरणको दुःखबाट मुक्त भई शान्त प्रणीत निर्वाण-पद प्राप्त गर्दछ। स्रोतापत्ति फल निर्वाणाधिकारी भएको हुनाले पूर्वोक्त स्वर्ग-सुखभन्दा यसलाई उत्तम श्रेष्ठ भन्दछन्।

यसप्रकारले आमाबाबुले आफ्ना सन्तानलाई अनेक उपायद्वारा सुविनीत तथा सुशिक्षित गर्न कोशिश गर्दछ।

(३) आफ्नो कुलमा चलेर आएको शिल्प विद्याको अतिरिक्त अर्को किसिमको शिल्प विद्या पनि सिकाइ

दिन्छन् । शास्त्रविद्या, शिल्पविद्या तथा नीतिविद्या राम्ररी निपुण हुने गरी सम्झाई सिकाइ दिन्छन् ।

(४) यौवन अवस्थामा पुगेपछि, शीलवती, विद्यावती तथा आफ्नो जातिकुलमा मिल्ने कुलीन कन्या विवाह गरिदिन्छन् ।

(५) समय समयमा आवश्यकतानुसार खर्च गर्न पैसा दिन्छन् । यहाँ समयको अर्थ दुइटा छ (१) नित्य-समय, (२) काल तथा बेलाबखत ।

नित्य समयमा दिने खर्च यसरी-

प्रतिदिन आमाबाबुले छोराहरूलाई, तिमीहरूलाई खर्च गर्न यति, दानपुण्य गर्न यति, गरीब गुरूवाहरूलाई दिन यति भनी तोकेर दिन्छन् ।

काल समयमा दिने खर्च यसरी-

कुनै बेलाबखतमा, चाडवाडमा, विवाह आदि मङ्गल समयमा, मन्दिर तथा विहारादिको उत्सवको समयमा दिने खर्चलाई कालसमय खर्च भन्दछन् । फेरि, मृत्यु शय्यामा परिरहेको बखतमा 'तिम्रो के के धर्म गर्न इच्छा छ गर' भनी दिने खर्चलाई पनि कालसमय खर्च अर्थात् बेलाबखतमा दिने खर्च भन्दछन् ।

गृहपतिपुत्र ! पूर्वदिशा समान भइरहेका आमाबाबुलाई सेवा टहल, उपष्ठान गर्ने छोरालाई आमाबाबुले उक्त पाँच प्रकारले अनुकम्पा राख्दछन् ।

पुत्र भइरहेकाहरूले पूर्वदिशाबाट आउने निन्दादि भय नआउने गरी प्रतिच्छादित (ढाक्ने काम) गरिराख्नु पर्दछ । आमाबाबुहरूले पनि त्यस्तै गरेर रहन जान्नु पर्दछ ।

जुन कुलपुत्रले आमाबाबुको सेवा सुश्रूषा नगरी कुलभ्रष्ट काममा लाग्दछ तथा आमाबाबुको सदुपदेश पालन गर्दैन, त्यस्तो छोरालाई लोकमा सबैले निन्दा तथा धिक्कार गर्दछन् । आमाबाबुको सदुपदेशलाई उल्लंघन गरी, अनाचारी भई हिंड्दा पराइले निन्दा, धिक्कार गराई बस्नुपर्ने कुरोलाई नै "पूर्वदिशाबाट आउने भय" भन्दछन् । त्यस्तो छोरोलाई आमाबाबुले यस्तो वचन प्रयोग गर्दछन्- "यसलाई हामीले जन्मेदेखि कति दुःख कष्ट भोगी पालनपोषण गरी हुर्कायौं, यसले अलिकति पनि गुण सम्झेको होइन न कुरै सुन्दछ । यस्तो, छोरो पनि छोरो हो र, यस्तोलाई त कुपुत्र भनिन्छ ।"

यसलाई पनि पूर्वदिशाबाट आउने भय भन्दछन् ।

आमाबाबुहरूले पनि सन्तानहरू प्रति गर्नुपर्ने कर्तव्यद्वारा उपकार गर्नु पर्दछ । खालि खान र लाउन दिंदैमा सन्तानप्रति आमाबाबुको कर्त्तव्य पूरा हुँदैन । बालककालदेखि विद्या र शिल्प सिकाउनु पर्दछ । सदुपदेशद्वारा शिक्षा दिनु पर्दछ । चरित्रमा सुधार ल्याउनु पर्दछ । बालकहरूको स्वभाव देखासिखी गर्ने हुनाले आफ्नो चरित्र पनि राम्रो पार्नु पर्दछ । सुसंगतमा लगाउनु पर्दछ । शास्त्र-विद्याद्वारा पूर्ण ज्ञान प्राप्त गराउनु पर्दछ । छोरालाई राम्ररी विद्या पढ्न दिएन भने आमाबाबु निन्दाका पात्र बन्दछन् । छोरामाथि अनुकम्पा राखी दूरदर्शी हुन सकेन भने आमाबाबुलाई पनि भय आउँछ । छोराहरूले 'मेरा आमाबाबुले मलाई मानिसलाई चाहिने शास्त्रादि विद्या केही नसिकाई खाली साँढेलाई ख्वाउने जस्तो गरी ख्वाइ मात्रै राखे' भनी निन्दा गर्दछन् । त्यसको निंति आमाबाबुहरूले पनि सन्तानहरूतर्फबाट भय नआउने गरी कर्त्तव्य पालन गर्न सक्नु पर्दछ । आफ्नो छोरो भन्दैमा आफ्नो स्वार्थको निंति छोराबाट मनपरी काम लिनु पनि उचित छैन ।

गृहपतिपुत्र ! तिम्रो बाबुले तिमीलाई लोकमा व्यवहृत 'पूर्वादि दिशाको नमस्कार गर' भनेको होइन, परन्तु पूर्वादि दिशा समानका आमाबाबुलाई 'नमस्कार गर' भनेको हो । अतएव गृहपतिपुत्र ! पूर्वादि दिशा भनेको तिम्रा आमाबाबु नै हुन् । यही अर्थ सम्झी तिमीले नमस्कार गर्ने गर्नू । ■

## बुद्ध सम्वन्धी केही जानकारीहरू

(१) चार आर्यसत्यलाई यथार्थ रुपले बुझ्नेलाई **बुद्ध** (=तथागत=शास्ता=भगवान्) भनिन्छ ।

(२) **त्रिरत्न** भन्नाले बुद्ध, धर्म र संघ बुझिन्छ । बुद्ध, धर्म र संघको शरण जानु नै त्रिशरण वा त्रिरत्न शरण जानु हो ।

*( साभार- बौद्ध दर्पण )*

# गौतम बुद्धया महत्त्व

✍ भिक्षु अश्वघोष
✍ भिक्षु कुमार काश्यप

थौं गनं विश्व शान्तिया सम्मेलन जुल धासा अन गौतम बुद्धया नां सुनानं न्ह्यमथनी मखु । गौतम बुद्ध छह्म शान्तिया अग्रदूत धैगु विश्व इतिहासे दुथ्याना च्वने धुंकल । तर अन्तर्राष्ट्रिय शान्ति सम्मेलने गौतम बुद्धया चर्चा ज्वीवं हे वसपोलया जीवनी व उपदेश अध्ययन मयासे वसपोल छम्ह शान्तिदूत ख व थें बुद्धया सन्देश नं श्रेष्ठ ख धका मिखा तिसिना विश्वास याना च्वनेगु बुद्धिमानीता मखना ।

छगू अनौठागु खँला बुद्धोपदेश पालि त्रिपिटक अध्ययन याना स्वे बले मदुगु खं छं मदु थें च्व, राजनीति, समाजसेवा, आर्थिक प्रश्न, दार्शनिक विचारया नाप नापं नैतिक विचार ला धन हे अपो खने दु । जिमित ला पालि त्रिपिटक ब्वना यंके बले उलि हे झन झन रसस्वाद दै वो, गुलि कि चन्दन सिमा पाला यंकु लिसे सुगन्ध अपो दै वैगु ख। उकिं प्रस्तुत सफू गौतम बुद्धया समाजसेवा व आर्थिक सन्देश संग्रहया रूपे पाठकपिनि न्होने ते तेना ।

झीसं गौतम बुद्धया उपदेश पाखे ध्यान तेगुया नाप नापं सिद्धार्थ कुमार व गौतम बुद्धया विचार धारा पाखे नं ध्यान तया विचाः याये बह जू, मतलब बुद्धोपदेशया उदारतां हे वसपोलया महत्व सीके फु ।

वसपोलया न्हापांयागु घोषणा ख "मानवं मानवया बिचे छु भेद भाव मदु, सकलें समान ख । जन्मं सुं नीच ज्वी न सुं ब्राह्मण ज्वी । कर्म हे ज्वी नीच कर्म हे ज्वी ब्राह्मण ।" धया बिज्यागु नं दु–

**"न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो**
**कम्मना वसलो होति कम्मना होति ब्राह्मणो ।"**

मेगु वसपोलया घोषणा ख जीवन मुक्ति प्राप्त यायेत द्योया भरोसाय् च्वने मते, थह्म नाथ थ हे ख । धया बिज्यागु नं दु "**अत्ताहि अत्तनो नाथो**"

अर्थात्- "थह्म मालिक थ हे ख, थगु तुति थम्हं च्वीगु सो ।

मेगु वसपोलया घोषणा ख- छ्याये कर्म हे मदु धका कर्मयात दोष बिया सुंक च्वने मते उत्साह व प्रयत्न याना यंकी, कर्मे मदुगु नं दया वै । कर्मयात दोष बिया च्वन कि गुबलें नं ममू थाहाँ वे फैमखु ।

वसपोलया महानताया लक्षण थ्व न ख- जिं न्ह्यागु धासा विना स्वतन्त्र विचारं मथूतले थ्व सत्य ख धका विश्वास याये मागु मदु, चाहे जिगु खँ आजु बाज्यापिनि पालंनिसें चले जुया वैच्वंगु नापं थ मिले ज्वीमा ।

तथागतं थथे नं आज्ञा जुया बिज्यागु दु- जिं सुयागुं मुक्तिया जिम्मा काये मफु, जि केवल मार्ग प्रदर्शक (लँ जक केनीह्म) ख । धया बिज्यागु नं दु–

**"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता"**

अर्थात्- ज्याय् ला छिमिसं हे उत्साह यायेमा, तथागतपिं ला केवल मार्ग प्रदर्शक जक ख । केवल वसपोलं आज्ञा जुया बिज्यागु दु मभिगु लें वन धासा मभिथाय् लायी, भिंगु लें वन धासा भिंथाय् लायी ।

गौतम बुद्धया महत्वया बारे थन उल्लेख यागु बिन्दु मात्र ख अय्नं थुलि हे पर्याप्त थें च्वं बुद्धया महत्व सीकेत । ■


लुम्बिनी


बोधगया


सारनाथ


कुशीनगर



# बुद्धधर्म र पञ्चशील

✍ भिक्षु अश्वघोष

गौतम बुद्धले उपदेश दिनु भएको धर्म वास्तविक रूपमा भक्तिमार्ग होइन । बुद्ध धर्म भनेको विवेकबुद्धिले पूर्ण भई अनुशरण गर्नु पर्ने ब्यावहारिक धर्म हो । बुद्ध भन्नु हुन्छ- "पञ्ञावन्तस्सायं धम्मो नायं धम्मो दुप्पञ्ञस्स" अर्थात् यो धर्म (बुद्धशिक्षा) बुद्धिवान र प्रज्ञावान् व्यक्तिको लागि हो, मूर्खहरूको लागि होइन । बुद्ध मार्गप्रदर्शक मात्र हुनुहुन्छ । बुद्धमार्गी त्यो व्यक्ति हो जसले बुद्ध शिक्षा अनुसार आचरण गर्दछ । हाहामालाग्नु अर्थात् अन्धानुकरण गर्नु बुद्धशिक्षा विपरित जानु ठहरिन्छ । त्यसकारण बुद्धशिक्षा अनुशरणगर्ने बुद्धमार्गीहरूले अन्धानुकरणबाट टाढा रहनु पर्छ ।

बुद्धको मूलशिक्षा नै शील, समाधि र प्रज्ञा हो । शीलको अर्थ सदाचार, संयमित र अनुशाशित हुनु हो । संयमित भन्नु नै शरीर, वचन र मनलाई नियन्त्रणमा राख्नु हो । यसलाई बुद्धशिक्षा भित्रको महत्वपूर्ण कुरा भने पनि हुन्छ । यस प्रकारको बुद्ध शिक्षालाई पालनगर्नु असम्भव नभए पनि गाह्रो चाहिँ अवश्य छ ।

आजकाल पञ्चशील प्रार्थना गराउने चलन चलिरहेको छ । यो चलन मात्र हो वा प्रार्थना अनुसार आचरण गरियो गरिएन प्रार्थना गर्नेहरू आफू आफूलाई नै थाहा हुने कुरा हो । बुद्धको शिक्षा अनुसार पंचशील भनेको प्रार्थना र ग्रहण गर्नको लागि मात्र नभई पालन नै गर्नु पर्ने व्यवहारिक नियम हो । पंचशीलमा निम्न पाँच नियमहरू पर्न आउँछन्–

१) हिंसा कामबाट टाढा रहनु

२) चोरिकामबाट अलग्गिनु

३) व्यभिचार, भ्रष्टाचार बलात्कार गर्नबाट बच्नु,

४) अरुलाई धोखा दिने नियतले झूठो न बोल्नु,

५) मादक पदार्थ सेवन नगर्नु ।

यी पञ्चशील साधारण गृहस्थहरूले पालन गर्नु पर्ने नियमहरू भनी उल्लेख गरिएको छ ।

हिंसा नगर्नु भन्ने नियम बुद्धले किन प्रतिपादन गर्नु भएको होला यतातर्फ एक पटक ध्यान दिऔं ।

वैदिक कालदेखि अद्यावधिसम्म धर्मको नाममा बलि दिने प्रथा प्रचलनमा आइरहेको कुरा सबैलाई थाहा भएकै कुरा हो । केही पशुपंक्षी मात्र होइन हजारौं बोका र रांगाहरू धर्मको नाममा हिंसा गर्ने कार्य प्राणीप्रतिको अन्याय मात्र नभइ महापाप नै हो भन्ने कुरा गर्छन् हिंसा विरोधीहरू । हुन पनि धर्मको नाउँमा प्राणीहिंसा गर्ने कार्य कसरी धर्म हुन्छ ? राष्ट्रिय चाड भनेर बडा दशैंमा काठमाडौंको तलेजु भवानी मन्दिरमा मात्र विजया दशमीको उपलक्ष्यमा (१०८) एकसय आठ रांगा र बोकाको बलि चढाउनु पर्छ रे । यसरी नै भक्तपुर दुर्गा मन्दिरमा (५५) पचपन्न रांगा र बोका काटिन्छ भने अधिराज्य भरमा मन्दिरहरू र देवस्थलहरूमा हजारौं प्राणीहरूलाई धर्मको नाममा बलि चढाउने गरिन्छ । पोखरा र धरान विन्ध्यवासिनी मन्दिरमा पनि प्रत्येक मन्दिरमा दिनका दिन सैकडौं, प्राणीहरूलाई बलि चढाउने चलन रहेछ । धर्मको नाममा गरिँदै आएको कस्तो अनौठो संस्कृति हो यो हिंसामा जोड दिइनु ।

मात्र मासु खाने इच्छाले हिंसा गर्नु र धर्मकै नाममा हिंसा गर्नुमा धेरै भिन्नता रहेको हुन्छ । आफूलाई मासु खाने इच्छा लागेमा आफैले प्राणीहिंसा गर्नु र गराउनु पर्छ भन्ने केही छैन । विक्रीको लागि पसल पसलमा राखिएका मासु किनेर खाँदा केही आपत्ति नहुन सक्दो हो । हेलम्बुका शेर्पाहरू आफैले हिंसा गरेर मासु खाँदैनन् रे भनिन्छ । भगवान बुद्धले पनि मासु खान नै हुन्न भन्नु भएको छैन । अनि मासु खानु उचित छ पनि भन्नु भएको

छैन । (संस्कृत लंकावतार सूत्रमा मासु खानै हुन्न भनी भगवान् बुद्धले भन्नु भएको उल्लेख छ र पालि आमगन्ध सूत्रमा मासु खान हुन्छ भनी भगवान् बुद्धले भन्नुभएको कुरापनि उल्लेख छ । यी दुइटै कुरा ग्रन्थमा पछि थपिएको हो भन्ने विज्ञहरूको धारणा छ । बुद्धले प्राणीहिंसा विलकुल नगर्नको लागि शिक्षा दिनु भएको चाहिँ अवश्य ठहरिन्छ । यस कुरालाई हामीले गम्भीरता पूर्वक, विवेक बुद्धि पुऱ्याई मनन गर्नु अत्यावश्यक छ ।

हिंसा र अहिंसा विषय धेरै विवादास्पद कुरा हो । यस बारेमा विद्वानहरूको बीचमा पनि वाद-विवाद भइरहन्छ । कुनै कुनै भारतीय विद्वानहरूले बुद्धधर्मलाई आरोप लगाएको पाइन्छ कि बुद्धधर्मले अहिंसाको शिक्षा दिएकोले भारत देशलाई नपुंसक बनाइदियो जसले गर्दा भारत पराधीन भयो । यसप्रकारको लान्छनालाई भारतीय भिक्षु धर्मानन्द कोशाम्बीले 'भगवान् बुद्ध' नामक पुस्तकमा राम्रैसँग जवाफ दिनु भएको छ । उहाँले उक्त पुस्तकमा स्पष्टसँग लेख्नु भएको छ- भारत भगवान बुद्धको अहिंसा नीतिको कारणले परतन्त्र भएको होइन । जुन बखतमा भारत पराधीन भयो त्यस बखत शासक वर्ग हिन्दू नै थिए न कि बौद्ध । बुद्धकालीन भारतलाई स्वर्णिम युग मानेर इतिहासमा उल्लेख गरिएको छ ।

धेरै जसो विद्वद्वर्ग "**अहिंसा परमो धर्म**" भन्ने सिद्धान्तलाई लिएर बुद्ध शिक्षामा भ्रममा परेका देखिन्छन् । उनीहरूलाई यस कुरामा याद भएन होला कि "अहिंसा परमो धर्मको सिद्धान्त जैन मतावलम्बीहरूको हो । जैनहरूको त्यस्तो सिद्धान्त भएकोले नै साँसफेर्दा मात्र पनि साना प्राणी मर्छ भन्ने डरले कपडाको टुक्राले मुख बन्द गरिराखेको देखिन्छ । उनीहरूको घरभित्र कुनैप्रकारको मासु ल्याउनु हुँदैन । बौद्धहरू त मांस भक्षी पनि छन् । श्रीलङ्का, म्यान्मार (बर्मा) थाइल्याण्ड आदि बौद्ध देशमा हिंसा गरेर मासु खाँदैनन् । त्यहाँ हिंसा गरेर मासु बेच्नेहरू मुसलमान मात्र हुन् । नेपालको हेलम्बुका शेर्पाहरूले प्राणीहिंसा गरेर मासु खाँदैनन् । पहाडबाट खसेर मरेका पशुहरूको मासु मात्र खान्छन् भन्ने सुनेको छु ।

अहिंसा राम्रो र उपयुक्त कुरा हो तर परम धर्म नै भन्ने बौद्ध धारणा होइन । अहिंसा धर्मको एउटा महत्वपूर्ण अङ्गमात्र हो । हामीले अहिंसाको अर्थलाई गलत ढंगले अपनाइरहेका छौं । बुद्धले प्राणीलाई हिंसा गरी दुःखदिनु हुँदैन भन्ने अर्थ लगाउनु भएको थियो । बुद्धको वचनमा दुःख नदिनु भन्ने कुरा महत्वपूर्ण छ । यसको मतलब यो कहिल्यै हुन सक्तैन कि यदि कसैले आक्रमण गऱ्यो वा विना कारण अपमान गरिदियो भने म अहिंसावादी हु भनी बच्ने उपाय न सोची चुपचाप हात बाँधी बस्नु । बोधिसत्व र महापुरुषहरूको महानता अर्कै कुरो हो । कुनै देश वा कसैले अनाहक हमला गरिदियो भने त्यसबेला सुरक्षार्थ कदम नचाली चुपचाप बस्नेलाई त कायरै भन्छन् । आफ्नो रक्षा गर्नु पनि अहिंसाको आवश्यक अंगहो । दुबै तर्फबाट अहिंसा नियम लागू हुनुपर्छ ।

कृषकहरू प्रश्न गर्छन्– पंचशील अनुसार खेतमा कीट नाशक औषधी छर्नु हुन्छ कि हुँदैन ? यो चेतनाको कुरा हो । यहाँ भन्न खोजिएको कुरा के भने अन्न सपार्न कीट नाशक औषधी प्रयोग गरिन्छ । त्यस्तै बिरामी हुँदा औषधी खाएर आफ्नो स्वास्थ्य ठीक पारिन्छ । डाक्टरले दिएको औषधी खाँदाखेरि शरीर भित्रको खराब कीरा नाश भई हिंसा हुन्छ भनेर औषधी नै नखाने भनेको होइन ।

यहाँ पंचशीलमा प्राणीहिंसाबाट टाढा भएर बस्नुको मुख्य अर्थ धर्मको नाममा निरपराधी पशुहरूको संहार गरेर बलिदिने जस्तो अन्धविश्वासमा न फस्नु भनिएको हो । यस्तै गरिब र दुर्बलहरूको शोषण गर्नु पनि हिंसै हो । शान्ति स्थापनाको लागि बलियोले दुर्बललाई सहयोग दिनु धनीले गरिबलाई सहानुभूति र मद्दत गर्नु हिंसाबाट टाढा रहनु हो । बलियोले कमजोरलाई थिच्नु र शोषण गर्नु पनि हिंसा नै कहिन्छ ।

बौद्ध सिद्धान्त अनुसार हिंसा गर्नु हुन्न भनेर पसलमा बेचिराखेको मासु किनेर खानु हुँदैन भन्नु समाजमा अलि व्यवहारिक हुँदैन होला ! आफूले नै मारेर अथवा मार्न लगाएर पशुको मासु खान हुँदैन भनेको चाहिँ हो । पंचशील अनुसारको प्राणीहिंसाबाट बच्न नियम उल्लंघन भएका हुनको लागि निम्न लिखित चार (४) कुरा भएको हुनु पर्छ ।

*(क्रमशः पेज १७ हेर्नु होला)*



# मति सप्रियो भने आयु पनि लम्बिन्छ

✍ डा. भिक्षुणी धम्मवती

धेरै वर्ष पहिले एउटा गुरुकुलमा एक गुरु थियो। उसले ज्योतिष - विद्याद्वारा को कतिसम्म बाँच्छ भन्न सक्दथ्यो।

एकदिन उसले गुरुकुलमा भएका शिष्यहरूमध्ये एकजनाको आयु कर्म ७ दिनमात्रै बाँकि रहेको थाहा पायो। केटोले गुरुकुलमै प्राण त्याग गऱ्यो भने अरूले नराम्रो सोच्लान् भनी उसले केटोलाई बोलाएर भन्यो– “बाबु, तिम्रा आमा बुबाले, तिमीलाई छिटो घर पठाईदिनुस् भनी पत्र पठाउनु भएको छ। बिलम्ब नगरी भोलि नै तिमी घर जाउ।”

भोलिपल्ट बिहानै गुरुको आदेशानुसार केटो घरतिर हिंड्यो। ४ दिनको बाटो काट्न ऊ आफ्नै धुनमा गइरहेको बेला एक ठाउँमा उसले एकजना ऋषिले भुईमा खसिराखेको फलहरू टिपिरहेको देख्यो। केटोले ऋषिलाई सोध्यो– ऋषिज्यू रूखमा त्यतिका ताजा फलहरू हुँदाहुँदै तपाईं किन भुईमा खसिराखेका फलहरू मात्रै टिपिराख्नु भएको ?”

ऋषिले भन्यो– “म अरूले नदिएको नलिने ऋषि हुँ। रूखले खसालिदिएका फलहरू मात्रै खान्छु, रूखबाटै टिपेर खाँदिनँ।”

“त्यसो भए मैले टिपेर तपाईँलाई दिएँ भने लिनु हुन्छ ?’ “बाबुलेनै टिपी दिए जरूर लिन्छु।”

केटोले रूखमा चढेर फलहरू टिपी ऋषिको डालोभरि राखिदियो। ऋषिले केटोको भलो होस्। भनी कामना गर्यो।

भोलिपल्ट ऊ एउटा नदीनिर आइपुग्यो। नदी तर्न राखिएको साँघुरो बाँसको पुल झण्डै जीर्ण भइसकेको थियो। एकजना मानिस डराई डराई त्यस पुलबाट गइरहेको थियो। ऊ गइसके पछि केटोले अलि परबाट बाँसहरू ल्याएर पुलको मर्मत गरिदियो।

तेश्रो दिनमा केटो एक उद्यानमा आइपुग्यो। हरियाली वातावरणमा जङ्गली पशुपन्क्षीहरू रमाइरहेका थिए। यत्रतत्र छरिएका स-साना तलाउहरूले त्यस ठाउँलाई अझै सुन्दर बनाइदिएका थिए। उसले एउटा तलाउमा पानी नपुगेर माछाहरू छटपटिरहेको देख्यो। घण्टौं लगाएर उसले ती माछाहरूलाई पानी धेरै भएको तलाउमा लगेर हालिदियो।

चौथो दिनमा केटो घर पुग्यो र एक्कासि घर फर्केकोमा उसका आमाबाबुले त्यसको रहस्य सोधे। आफ्ना आमाबाबुले त्यसरी सोधेकोमा छक्क पर्दै उसले उल्टो प्रश्न गयो– “तपाइँहरूले नै मलाई छिटो घर पठाईदिनुस् भनी गुरुलाई पत्र पठाउनुभएको होइन ?”

आमाबाबुले छोरो फर्किनाको कारण जे भएता पनि त्यत्रो लामो बाटो हिंडेर आएको छोरोलाई घरमा केही दिन राखेर मात्र फेरि गुरुकुल पठाउने विचार गरे। छोरो घरमा आएकोमा उनीहरू खुशी थिए भने छोरोको विद्याध्ययन छुटेकोमा दुःखी पनि।
१७ दिनसम्म आमाबाबुको सेवा गरेर केटो फेरि गुरुकुलतिर लाग्यो। त्यहाँ पुगेर उसले गुरुलाई नमस्कार गर्यो। आफ्नो विद्यानुसार ७ दिन पछि मर्नुपर्ने शिष्य १७ दिनपछि पहिलेभन्दा मोटाघाटा भएर उभिरहेको देख्दा उसले केही बुझ्न सकेन। केही क्षण टोलाई सकेपछि यथार्थ कुरो बुझ्न उसले शिष्यलाई भएको सबै बृतान्त सुनाउन भन्यो।

केटोले आफू घर गएको बेला बाटोमा ऋषिलाई रूखबाट फलहरू टिपी दिएको, बिग्रेको पुल मर्मत गरिदिएको र पानी नपुगेर छटपटिरहेका माछाहरूलाई पानी धेरै भएको तलाउमा लगेर राखिदिएको, आमा-बाबुको सेवा गरेको लगायत आफू घर फर्केकोले आमाबाबु छक्क परेको कुरा समेत गुरुलाई सुनायो। गुरुले कर्म कमजोर भैराख्नेले पुण्य-कर्म गरेर फेरि कर्म बलियो पारेको कुरा जान्यो, उसको आयु लम्बिनाको रहस्य बुझ्यो।

अब मानिसहरूको मृत्यु कति प्रकारबाट हुन सक्छन् भन्ने कुरा एकचोटि जानौं–

मानिसहरूको मृत्यु ४ प्रकारबाट हुन सक्छन्– आयु सिद्धिएर, कर्म सिद्धिएर, आयु र कर्म दुबै सिद्धिएर र अकालले । बलिरहेको तेलको दियोलाई उपमास्वरूप लिन सकिन्छ । बलिरहेको तेलको दियोमा बत्ति मात्रै सिद्धिएर पनि निभ्न सक्दछ र तेल मात्रै सिद्धिएर पनि निभ्न सक्दछ । त्यस्तै, बत्ति र तेल दुबै सकिएर पनि दियो निभ्न सक्दछ र बत्ति र तेल दुबै भैकन पनि हावाले गरेर वा अरू केही वस्तु त्यसमा परेर निभ्न सक्दछ ।

प्रस्तुत कथामा तेल सकिएर निभ्न लागेको दियोमा फेरि तेल थपेर निभ्न नदिए जस्तै पुण्य-कर्मले आयु कर्म लम्ब्याइदियो । ■ *साभार– 'बुद्ध शिक्षा'*

## बुद्धधर्म र पञ्चशील ... ...

१) जीवित प्राणी हुनु, २) मार्न चेतना हुनु,
३) हत्या गर्न प्रयत्न गर्नु, ४) प्राणै लिनु

उपर्युक्त चार कुरा पूरा भएको खण्डमा मात्र हिंसा भएको हुन्छ । बुद्धकालीन भारतमा हजारौं पशुहरू देउताहरूलाई बलि दिए, यज्ञमा होमेर पनि पुण्य प्राप्त हुन्छ भन्ने खालको धर्म थियो । गौतम बुद्धले हिंसा र हत्या गरेर पुण्य र धर्म हुँदैन भन्नुभएको थियो ।

स्मरणीयकुरा मासु नखानेहरूले मासुखानेहरूप्रति द्वेषभाव राखी गाली गर्नु नसुहाउने कुरा हो । मैत्री अथवा उपेक्षा गर्नु धेरै राम्रो हुनेछ ।

स्मरणीय बुद्ध वचन छ–

**न तेन अरियो होति येन पाणानि हिंसति,**
**अहिंसा सब्ब पाणानं अरियोति बुच्चति ।**

अर्थ- जसले प्राणीहिंसा गर्दछ ऊ आर्य हुन सक्तैन प्राणी हिंसा नगर्ने नै आर्य हुन्छ । ■



## २५६९ औं बैशाख पूर्णिमाको शुभ-कामना ... ...

अष्टाङ्गिक मार्ग जस्ता प्राकृतिक नियमहरूलाई अध्ययन गरी सो अनुसार आफ्नो जीवनमा अभ्यास गर्दै यस शिक्षालाई गम्भिरता पूर्वक पालन गर्न सक्नेछौं । दु:खबाट मुक्त हुने जिम्मा हामी आफैमा रहेका छन् । भगवान् बुद्धले हामीलाई दु:खबाट मुक्त हुने उपाय र बाटो देखाएर जानुभयो । उक्त उपाय अपनाउँदै उहाँले देखाइदिनुभएका ८ वटा मार्गहरू (आर्य अष्टाङ्गिक मार्ग) लाई पछ्याउँदै जानु हाम्रो कर्त्तव्य हुनेछ । यो मार्ग नै निर्वाण (मुक्ति) तर्फ लाग्ने मार्ग हो । त्यसैले हामीले आर्य अष्टाङ्गिक मार्गलाई पछ्याउँदै बाटो नबिराई अगाडि बढ्न सकौं । जुनबेला आ-आफ्ना चित्तमा राग, द्वेष र मोह रूपी क्लेशहरू र दूषित भावनाहरू नासिंदै जान्छन्, तब निर्वाण समक्ष नजिकिंदै जानेछ । तब मात्र हाम्रो साँचो अर्थमा विजय हुनेछ । अनि मात्र हामी बुद्धको शिष्य बन्न सफल हुनेछौं । यसरी नै साँचो अर्थमा बुद्ध शिष्य बनी बुद्ध पूर्णिमा महोत्सब मनाउन सकौं ।

२५६९ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्तिको यही शुभ-कामना रहेको छ ।

भवतु सब्ब मङ्गलम् ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

(४) भिक्षु संघको स्थापना भारतस्थित सारनाथमा ई.पू. ५२८ मा धर्म चत्र प्रवर्तन (=प्रथम उपदेश) पछि भएको थियो ।

(५) बुद्ध धर्मको मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ । **त्रिपिटक** भन्नाले सुत्र पिटक, विनय पिटक र अभिधर्म पिटक बुझिन्छ ।

(६) **सुत्र पिटक**मा बुद्धका उपदेशहरू संकलन गरिएका छन् । **विनय पिटक**मा भिक्षु र भिक्षुणीहरूको लागि विनय (नियम) संकलन गरिएका छन् । **अभिधर्म पिटक**मा दर्शनका कुराहरू समावेश गरिएका छन् ।

*( साभार- बौद्ध दर्पण )*



# कुरुधम्म जातक

✍ वीर्यवती

कुरु राष्ट्रको इन्द्रप्रस्थ नगरका राजा धनञ्जयको देहावसान पश्चात् राजा बनेका उनका छोराले दशराज धर्म पालन गरी कुरु धर्मानुसार आचरण गरे । पञ्चशीललाई नै कुरु धर्म पनि भनिन्छ । उनको आदर्शलाई अनुकरण गर्दै उनका माता, पटरानी, उपराजा (भाई), पुरोहित, जग्गा नाप्नको लागि डोरी समात्ने व्यक्ति, सारथी, सेंठ, द्रोण मापक, द्वार पाल र नगरशोभिनी आदि गरी त्यस देशमा जम्मा ११ जवान व्यक्तिहरूले इमान्दारी पूर्वक पाँच शीलहरू पालन गर्दै आएका थिए ।

यसरी पवित्रता पूर्वक शील पालन गरी शुद्ध आचरणले युक्त रहेका राजाले आफ्ना नगरका चारवटै द्वारहरूमा, नगरको बीचमा र निवास गृहको द्वार आदि गरी जम्मा ६ वटा स्थानहरूमा ६ वटा दानशालाहरू बनाई प्रतिदिन ६ लाख धन सम्पत्ति दान गरी सारा जम्बुद्वीपलाई तहल्का मच्चाइरहेका थिए। राजाको यस त्यागमय कार्य सारा जम्बुद्वीपमा प्रशिद्ध भइरहेको थियो । बुद्धत्व प्राप्त गर्ने कार्यमा दृढ संकल्परत रहेका राजाले आफूलाई आध्यात्मिक मार्ग प्राप्त गर्नका लागि नभई नहुने जगको रुपमा रहेको दान र शीलको तहलाई टेकी यसलाई पार गर्न कार्यरत थियो ।

त्यस समय कलिङ्ग राष्ट्रको दन्तपुर नगरमा कलिङ्ग राजाले राज्य गर्दै थिए । उसको राज्यमा वर्षा नभएको कारणले राष्ट्रमा अनिकाल पर्यो । दुर्बृष्टि-भय, अकाल-भय र रोग-भय आदि तीनवटा भयहरू फैलिए । राष्ट्रका यी भयहरू हटाउन अमात्यहरूले राजालाई कुरु नरेशको अञ्जन वसभ नाम गरेको मङ्गल हात्ती ल्याउने सल्लाह दिए ।

यो सल्लाह सुनी राजाले भन्यो- "कुरु नरेश त सेना तथा वाहनले युक्त र दुर्जय छ । त्यस्तो शक्तिशाली राजाको हात्ती हामीले कसरी ल्याउन सक्छौं र ?"

अमात्यहरूले भने- "महाराज ! त्यस राजा शक्तिशाली मात्र होइन, दानी पनि छन् । दान र शील पालन गरिरहेका त्यस धर्मात्मा राजासंग याचकहरूले मागेको खण्डमा आफ्नो अलंकृत शीर (टाउको) समेत काटेर दिन सक्छ । त्यति मात्र होइन उसले आफ्ना सुन्दर रहरलाग्दा आँखाहरू झिकेर समेत दिन सक्षम छ उ । आफ्ना सारा राज्य समेत त्याग्न तयार छ उ । जाबो एउटा हात्तिको त के कुरा ?"

राजाले भन्यो– "उसंग हात्ति कसले माग्न जान सक्छ त ?"

अमात्य– "महाराज ! ब्राह्मणहरू छँदै छन् नि । हजुर लाई के को पीर ?"

यति सल्लाह पाएपछि राजाको आदेशानुसार गाउँबाट आठजवान ब्राह्मणहरू झिकाइयो । उनीहरूलाई आवश्यक सत्कार सम्मान गरिसकेपछि कुरुराष्ट्रमा मंगल हात्ति माग्न याचकको रूपमा पठाइयो ।

उता कुरु राष्ट्रमा कुरु नरेश नियमित रूपले दान कार्यमा सामिल हुन पुग्यो । कुरु नरेश बोधिसत्वले आफू चढेर आएको मंगल हात्तिबाट उत्रेर पूर्वद्वारको दानशालामा सात आठ जवान याचकहरूलाई आफ्नै हातले भोजन दान दिए । अनि यसरी नै दान दिनु भन्ने आदेश दिई आफ्ना अनुयायीहरूलाई दान दिने जिम्मा सुम्पी उनी हात्तीमा चढी दक्षिण द्वारतर्फ अगाडि बढे । कलिङ्ग राष्ट्रबाट हात्ति माग्नका लागि आएका ब्राह्मणहरू पनि दक्षिण द्वार तर्फ एक अग्लो स्थानमा उभिरहेका थिए । जब राजाले वज्र अंकुशबाट हात्तीलाई रोकेर उनीहरू समक्ष पुगी "ब्राह्मणहरू हो ! तिमीहरूलाई के चाहियो ?" भनेर सोध्यो तब ब्राह्मणहरूले भने– "हे जनाधीप ! हामी

त तपाइँले नै चढिराख्नु भएको अञ्जनवर्ण हात्ती माग्न आएका हौं ।"

उनीहरूको कुरा सुनी राजाले खुशीसाथ आश्वासन दिँदै भने– "अन्न, भृत्य, नोकर मध्ये जो कोही पनि होस् यिनीहरू मध्ये जुन मागे पनि यदि त्यो उद्देश्य अनुरूप छ भने यी व्यक्तिहरू र वस्तुहरू दान दिने कार्यलाई इन्कार गर्न योग्य छैन । यो त हाम्रो पूर्वाचार्यहरूको वचन हो । त्यसैले हे ब्राह्मणहरू हो ! मैले तिमीहरूलाई राजाहरूलाई मात्र योग्य भएको राज परिभोग्य, यशस्वी, अलंकृत तथा सुवर्ण जालीले ढाकिएको हात्ती दान दिदैछु । हात्ती संग संगै यसको सारथीलाई पनि दान दिँदैछु । तिमीहरूलाई जहाँ लान मन लाग्छ लिएर जान सक्छौ ।"

यसरी हात्ती माथि बस्दा बस्दै नै बोधिसत्व कुरु नरेशले आफ्नो वचनले हात्ती दान दिए । फेरि हात्तिबाट तल ओर्लिएर "यदि हात्तीको शरीरको कुनै भाग अलंकारले सजाउन बाँकी छ कि भनी तीन पटक हात्तीलाई प्रदक्षिणा गरी हेरे । तर हात्तीको शरीरमा अलंकृत गर्न बाँकी स्थान नभेटिएपछि खुशी हुँदै हात्तीको सूंडलाई ब्राह्मणको हातमा सुम्पेर सुवर्ण झरीले सुगन्धित जल खन्याई याचकहरूलाई हात्ती दान दिए । ब्राह्मणहरूले सारथी सहित हात्ती स्वीकार गरे । अनि हात्ती माथि बसी दन्तपुर नगर पुगे । त्यसपछि कलिंग राष्ट्रका नरेशलाई मंगल हात्ती हस्तान्तरण गरी उनीहरू फर्के ।

तैपनि दन्तपुर नगरमा पानी परेन । हरेश खाएका राजाले आफ्ना अमात्यहरूसंग यसको कारण सोध्दा उनीहरूले भने–"महाराज ! कुरु नरेशले कुरुधर्म (पञ्चशील) पालन गरिरहेको छ । त्यसकारण कुरु राष्ट्रमा पन्ध्र - दश दिन भित्र वर्षा हुने गर्छ । यसरी राष्ट्रमा मंगल भइरहनु राजाकै गुणहरूको प्रताप हो । यस हात्तीमा गुण भएपनि आखिर कति नै गुण हुन सक्छ र ?"

राजाले अमात्यहरूको सल्लाह मानी आफ्ना ब्राह्मणहरू र अमात्यहरूलाई खटाई कुरु राजा समक्ष हात्ती फिर्ता दिई सुनका पाताहरूमा कुरु धर्म लेखाएर ल्याउने आदेश दिए ।

आफू समक्ष कुरु धर्म लेखाएर लानको निमित्त आएका दन्तपुरका ब्राह्मणहरू र अमात्यहरूलाई कुरु नरेशले अलि अप्ठयारो मान्दै भने– "तात ! मैले कुरु धर्म पालन गरिरहेको त अवश्य हो । तर कार्तिक महिनाको एक दिन कार्तिकोत्सव मनाइरहेको बेला मैले चारौं तर्फ वाण चलाएको थिएँ । यसरी कार्तिकोत्सवको उपलक्षमा चलाइएका ती बाणहरू मध्ये एउटा बाण देखा परेन । त्यो बाण तलाऊमा फ्याँकिएको थियो । तीन दिशा तर्फको बाण मात्र देखा परियो । त्यसकारण मेरो मनमा यस्तो अन्दोल हुन थाल्यो - (कहिं मैले तलाउतर्फ फ्याँकेको बाणले माछाको शरीरमा घोपी माछा त मरेन ? यदि माछा मरेको भए मेरो शील भंग हुने भयो) यसरी मेरो मनमा समय समयमा यस कुरोले पिरोल्ने गरेको छ । त्यसैले मैले पालन गरिरहेको शीलले मेरो चित्त बुझाउन सकेको छैन । मैले पालन गरिरहेको कुरु धर्मप्रति मलाई नै शंका लाग्न थालेको छ । तर मेरी आमाले भने राम्ररी शुद्ध रूपले पञ्चशील अर्थात् कुरु धर्म पालन गरिरहनु भएको छ । त्यसकारण तपाईंहरू उहाँ समक्ष जानुभई कुरु धर्म लेखाएर लानु भएमा बेश हुनेछ ।"

राजाको यस्तो कुरो सुनी ब्राह्मणहरूले भने– "महाराज ! बाण चलाउनु भएको बेलामा तपाईंको मनमा जीवहिंसा गर्छु भन्ने चेतना नै छैन भने यसलाई जीवहिंसा भन्न मिल्दैन । शंका मात्र लाग्दैमा कुरुधर्म पालन बिग्रिएको भन्न मिल्दैन । शंका मात्र लागे पनि शील भंग भएको मान्नुहुने तपाईं जस्तो पवित्र व्यक्तिबाट अरू कुन पापकर्म हुन सक्ला र ? त्यसैले हामीले तपाईंको तर्फबाट पनि कुरु धर्म लेखेर लान चाहन्छौं । कृपया तपाईंले हामीलाई कुरुधर्म सिकाइदिनुहोस् ।" यसरी प्रार्थना गरेपछि राजाले बाध्य भई ल लेख्नुस् त भन्दै सुनको पातामा कुरुधर्म यसरी लेखायो– १) प्राणीहिंसा नगर्नु २) चोरी कार्य नगर्नु ३) कामभोग सम्बन्धी मिथ्याचार नगर्नु ४) झूठो कुरो नगर्नु र ५) मद्यपान नगर्नु ।

यसरी कुरुधर्म लेखाइसकेपछि पनि राजाले उनीहरूलाई राजमाता समक्ष कुरुधर्म सिक्न पठाए ।

*(क्रमशः पेज २१ हेर्नु होला)*

# भद्रा कपिलानी

✍ कुमारी विद्यावती मालविका
*अनुवाद* - **वीर्यवती**

उनी एक पतिब्रता नारी थिइन् । सुखबैभवमा हुर्केर सुखि दाम्पत्य जीवन बिताइरहेको अवस्थामा जब एकदिन उनकी पतिदेवले सम्पूर्ण वैभवीजीवन त्याग गरेर घरबाट निस्के, त्यो बेला उनले पनि सम्पूर्ण वैभव त्यागेर आफ्नो पतिदेवका अनुगामिनी भएर गइन् ।

तिनी सुन्दरी नारीरत्न सागल (स्यालकोट) मा कौशलगोत्रको एक धनी ब्राह्मणको कुलमा जन्मेकी थिइन् । उनी सुखसयलमा हुर्केकी थिइन् । कपिल ब्राह्मणकी कन्या भएकी हुनाले उनीलाई भद्रा कपिला अर्थात् भद्रा कपिलानी पनि भनिन्थ्यो । भद्रा सद्‌गुणले परिपूर्ण कन्या थिइन् । त्यसैले उनीमा आफ्नो धन ऐश्वर्यप्रति रत्तिपनि घमण्ड थिएन । सुशीलता, विनय र सेवा भावना नै उनको आदर्श थियो ।

यौवनले भरिपूर्ण भएपछि उनकी मातापिताले उनलाई मगधका एक समृद्धशाली गुणवान् युवकसंग विवाह गरिदियो । सात्त्वीकगुणले सम्पन्न युवक पिप्पलिमाणवकले आफ्नी प्यारी श्रीमती सौन्दर्य र सुलक्षणयुक्त पाएकोले आफुलाई बडो भाग्यमानी ठान्दथे । भद्रा पनि आफ्नो मनले चिताए अनुरूपको पति पाएकोमा अति प्रसन्न थिइन् । दुबैजना एकअर्काको सुखमा पूरा ध्यान पुऱ्याउने गर्दथे । यिनीहरू दुइजनाको आदर्शमय दाम्पत्य जीवन त्यस नगर-बासीहरूको लागि चर्चाको बिषय नै भएको थियो ।

महाकारूणिक भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभई प्राणीमात्रलाई शान्ति प्रदान गर्दै हुनुहुन्थ्यो । उहाँले जन-जनलाई मोक्षको कल्याणमय मार्ग देखाउनु भई कृतार्थ पार्दै आइरहनु थियो । जहाँ जहाँ जानुहुन्थ्यो, त्यहाँ त्यहाँका कतिपय मानिसहरू उहाँको मङ्गलमय उपदेश सुनेर प्रव्रजित भई काषायवस्त्र धारण गरी साधनामा लीन हुन्थे । भद्राको पतिले पनि भगवान् बुद्धको अमृतसमानको उपदेश सुनेर संसारिकताबाट विरक्त भएका थिए । त्रिरत्नको शरणमा गइसके पछि अब उ मानवक होइन, भिक्षु काश्यप भईसकेका थिए ।

आफ्नो ह्दयदेवता एवं जीवन साथी पिप्पलिमाणवकले ऐश्वर्यमय जीवन त्याग गरेर भिक्षुभेष ग्रहण गरेको भद्राले देखिन् । पतिको उत्तम वस्त्रबाट भद्राको मन झन उदार हुनथाल्यो । साथसाथै बियोगको ब्यथाले केही पीडा पनि भयो । पतिसंग बिताएका सुखका प्रत्येक क्षणहरू उनको आँखा अगाडि नाच्न थाल्यो । ममतामयी पत्नी भइकन पनि उनी आफ्नो प्रेमको कारण आफ्नो स्वामीको मार्गमा बाधक बन्न चाहिनन् । उनको मनले भन्दै थियो– "भद्रे ! आफ्नो प्रियको अनुशरण गरेर उनको मार्ग प्रशस्त गरिदिनु ।" आफ्नो प्रेम- देवताको सच्चा जीवन साथी बनेर भद्राले आफ्नो सम्पूर्ण सम्पत्ति आफ्नो ईच्छानुसार गरीब दुःखीहरूलाई वितरण गरिदिइन् । अनि एकदिन उनी सबै सांसारिक सुखलाई त्यागेर भिक्षुणी सरहको जीवन बिताउन थालिन् ।

भिक्षु काश्यपले भगवान् बुद्धको शरणमा तीनवटा विद्या प्राप्त गर्न सफल भए । आफ्नो साधना र ज्ञानद्वारा उनी संघमा ज्यादै विख्यात हुँदै गए । भिक्षु काश्यपको नाम प्रख्यात हुँदै गएको देखेर भद्राको मन एकदम आनन्दित भयो । उनीले ५ वर्ष सम्म भिक्षुणी सरहको जीवन बिताईसकेपछि महिलाहरूको निम्ति महादेवी महाप्रजापती गौतमी र भिक्षु आनन्दको सुप्रयत्नबाट भिक्षुणी संघको स्थापना भएको सुवर्ण अवसर प्राप्त भयो । अनि भद्राले पनि बिधिपूर्वक प्रव्रज्या ग्रहण गरी उपसम्पदा प्राप्त गरिन् । फेरि ज्ञान प्राप्त गरी साधनामय जीवन बिताउन थालिन् । कालान्तरमा उनले अर्हत जस्तो श्रेष्ठ पद प्राप्त गरिन् । जेतवनमा उपदेश दिइरहनुभएको समयमा एकपटक भगवान् बुद्धले भिक्षुणीहरूलाई उनीहरूको कार्य अनुसार सुहाउँदो पद प्रदान गर्नुभएको बेला पूर्वजन्मको स्मृति भएका भिक्षुणीहरू मध्ये अग्रस्थान प्रदान गर्नुभई भद्रालाई कृतार्थ पार्नु भएको थियो ।

भगवान् बुद्धको परिनिर्वाण पछि संघको नियम पालनामा शिथिलता आउन थाल्यो । अनि भिक्षु काश्यपले पाँचसय भिक्षुहरूको सभा बोलाई पहिलो संगायनाको

प्रबन्ध गरेको थियो । त्यसबखत भद्राले पनि भिक्षुणी संघमा माथिल्लो दर्जाको स्थान प्राप्त गरेकी थिइन् ।

यी दुबैजनाले आफ्नो सम्पूर्ण जीवन धर्मप्रचार गर्दै बिताई अन्त्यमा निर्वाणलाई समेत साक्षात्कार गरेका थिए । आफ्नो पतिको योग्य एवम् सच्चा सहचारी त्यागमयी भद्राले भिक्षु काश्यपको परिचय दिदैं यस्तो भनेकी थिइन्– "भिक्षु काश्यप भगवान् बुद्धका उत्तराधिकारी हुनुभयो । उहाँले त्रिबिद्या आदि ज्ञान प्राप्त गरिसक्नुभयो ।"

अर्को ठाउँमा उनले आफ्नो विषयमा गाथा द्वारा यसरी भनेकी थिइन्–

"मैले त्रिबिद्या आदि ज्ञान प्राप्त गरें । मैले मारलाई जितें । अब त्यसले मलाई केही पनि गर्न सक्दैन । मैले निर्वाणलाई साक्षात्कार गरिसकें ।"

उनले आफ्नो त्याग, ममता, साधना र धर्म ज्ञानद्वारा आफ्नो नारी जीवनलाई सार्थक पारी अरू थुप्रै नारीहरूका लागि समेत उक्त सुमार्ग खोलिदिइन् । ■

**कुरुधम्म जातक ... ...**

राजमाताले पनि आफ्नो कुरुधर्म पालन गराईमा अन्दोल भएको कारणले पटरानी कहाँ पठाइन् । यसरी नै विभिन्न कारणहरू देखाई एकले अर्को समक्ष कुरुधर्म लेखाउन पठाउँदा क्रमशः राजाबाट, राजमाता, पटरानी, उपराजा, पुरोहित, जग्गा नाप्नको लागि डोरी समात्ने व्यक्ति, सारथी, सेंठ, द्रोणमापक, द्वारपाल र नगरशोभिनी समेत गरी जम्मा ११ जवान व्यक्तिहरूसंग कुरुधर्म सुनको पातामा लेखाएर लगी दन्तपुर पुगेर कलिंग नरेशलाई सुनको पाता सुम्पेर सबै हालखवर सुनाए ।

त्यसपछि कलिङ्ग नरेशले पनि कुरुधर्म पालन गरी आफ्नो आचरण सुधारे पछि कलिङ्ग राष्ट्रमा वर्षा भयो । खूब पैदावार पनि भयो ।

बोधिसत्व कुरु नरेशले पनि बुद्धथ्व प्राप्त गर्ने आफ्नो संकल्पलाई अगाडि सारी आफ्नो जीवन पर्यन्त दान आदि पुण्य गरी आफ्नो जीवन सफल पारे । ■

*साभार- 'दान पारमिता'*





# तृष्णा वर्ग

*भावानुवाद :* **सत्यमोहन जोशी**

प्रमादी व्यक्तिया तृष्णा मालुवा सरि बृद्धि ज्वी ।
वने च्वनीम्ह माकःथें जुया उयागु जन्म फ्वी ॥१॥

विषालु जन्म काज्वीम्ह तृष्णां स्वैत ज्वनी कया ।
वीरण धैगु घाँञ्चोथें शोकया बृद्धि ज्वी उया ॥२॥

तर दुर्जय थो तृष्णायात बुकी सुनां मनं ।
कुतुं वनी उया शोक जलथें पद्मया हलं ॥३॥

वया थन हनं जिं धाय्- "ज्वीमा छिमि सुमङ्गल !
तृष्णाया हा लिना वांछ्व उशीरथें व वीरण !" ॥४॥

ल्यें मदं हा चुली ह्वथें त्वाहाल्हासां उखे थुखे ।
तृष्णाया हा मल्यू तल्ले दुःखनं दैच्वनी उखे ॥५॥

स्वैतजा स्वीखुगु श्रोतं मनोच्छा जूगुली यनी ।
रागाश्रितगु संकल्पं वैत च्वीका सधां यनी ॥६॥

तृष्णां स्रोत प्यखें बाः वो, वनेत लँपु पँ गुखिं ।
खंका तृष्णा लताया हा चाना छ्व ज्ञानया चुपिं ॥७॥

तृष्णाया खुसि ज्वी स्नीग्ध आनन्द सुखदायक ।
सोतेलापिनि ज्वी जन्म, मृत्यु, दुःख भयानक ॥८॥

खोरे लाम्ह खराचाथें तृष्णा पीडित व्यक्ति ज्वी ।
संयोजने हनं लीन ताःकालं दुःख कष्ट सी ॥९॥

तृष्णा ल्यूल्यू जुया च्वोंपि खराचा सरि बन्धने ।
ज्वी, अकें भिक्षुपिं ! तोती तृष्णा वैराग्यया पथे ॥१०॥

निर्वाणार्थी जुया, तोता छैं जङ्गल समानगु ।
छैंतुं बास हनं यासा बन्धनं मुक्त ज्वी मखु ॥

अर्थात् तृष्णां जुया मुक्त हानं तृष्णा सुनां ज्वनी ।
बन्धनं मुक्त ज्वी धुंका बन्धने वोंम्ह तुल्य ज्वी ॥११॥

धीरं धाई- "खिपः नँ सिँयात नकलि बन्धन ।
धन पुत्र तथा स्त्रीहे बरू सकलि बन्धन ॥१२॥

पतनोन्मुख दुस्त्याज्य शिथिल जूगु बन्धन ।
तोथुला अभ्र तोताली काम सुख अनेकन ॥

अनुरक्ति जुया ज्ञानं, सीका मनं नित ।
प्रव्रजित जुया च्वनी मुमुक्ष धीर पण्डित ॥१३॥

रागे रत्त जुयाचोंम्ह तृष्णा स्रोते कुतुं वनी ।
थगु जाल दुने थःहे तक्यंम्ह माकचा सरी !
धीरजनं थुकीयात त्वाल्हाना चट्ट छ्वै मनं ॥
प्रव्रजित जुया काई दुःख तोता छसीकथं ॥१४॥

संसार पार जू, तोता संबन्ध स्वंगु कालया ।
सर्वत्रं मुक्त जूपिन्त दैमखु जन्म मृत्युजा ! ॥१५॥

वितर्क दै सुया चित्ते, राग दै अभ्र भ्रान्ति दै ।
तृष्णा बृद्धि जुया वैत अथेंहे बन्धनादि दै ! ॥१६॥

संकल्प व विकल्पादि शान्त याय्गुलि रत्तम्ह ।
अशुभगु सधां स्वैम्ह जागरूक जुया नित ॥
जन्म-मुक्त जुया चोंम्ह दूरदर्शीम्ह पण्डितं ।
त्वाल्हाना नष्ट याना छ्वै मार बन्धन कैखतं ॥१७॥

मल, तृष्णा तथा त्रास शल्य रहित ज्वी सुया ।
सुया फ्वी अभ्र कर्तब्य, अन्तिम जन्म ज्वी उया ॥१८॥

सुया मदु गनं छुंहे तृष्णा, संसार-बन्धन ।
सुनां स्यू काव्य भाषा व व्याकरणीय लक्षण ॥
थुजोम्ह व्यक्ति ज्वी लोके निश्चयनं निरन्तर ।
"अन्तिम जन्म धारीम्ह महाप्रज्ञा महानर !" ॥१९॥

सकसितं बुका त्याका, फुकं सीका च्वना थन ।
स्वंगुलि धर्मया पाखें अलिप्तम्ह जुया थन ॥
सर्व त्यागी जुया तृष्णा तोता, विमुक्त ज्वी धुन ।
प्राप्त याना स्वयं ज्ञान, स्वैत गुरु क्यने थन ? ॥२०॥

धर्मदान महादान ! धर्मरस महारस !
धर्म प्रेम महा प्रेम ! तृष्णा क्षय महा क्षय ! ॥२१॥

दुर्बुद्धि व्यक्तिया नाश भोगे याई सधां थन ।
पार ज्वीगु विचा छुं हे मयासा यदि वं अन ॥
मभिंगु भोगया तृष्णां दुर्बुद्धिया हनं स्यनी ।
थःत थःमं सधां नष्ट याईम्ह व्यक्तिया सरी ॥२२॥

बुँयागु दोष घाँञ्हे खः मनूया दोष राग खः ।
राग रहित जूपिन्त बीगु दानादि श्रेष्ठ खः ॥२३॥

बुँयागु दोष घाँञ्थेंतु मनूया दोष द्वेष खः ।
द्वेष रहित जूपिन्त बीगु दानादि श्रेष्ठ खः ॥२४॥

बुँयागु दोष घाँञ्थेंतु मनूया दोष मोह खः
मोह रहित जूपिन्त बीगु दानादि श्रेष्ठ खः ॥२५॥

बुँयागु दोष घाँञ्थेंतु इच्छा खः दोष व्यक्तिया ।
इच्छा रहित जूपिन्त दान याय् भिं फुकं स्वया ! ॥२६॥

# सुतबुद्ध : तिपिटकधर तिपिटककोविद



✍ **कुसलञाणी गुरुमां**
*रत्न विपश्यना विहार*

**म्यानमारमा त्रिपिटक अध्ययन प्रणाली :**

बुद्धको अनुपम मौलिक शिक्षालाई बुद्धकालीन अवस्थादेखि नै पालिभाषाबाट कण्ठष्ट गर्ने परम्परा थियो । उहाँ महापरिनिर्वाण हुनुभएको २३६ वर्षपछि तेस्रो संगायनासम्म पनि यो परम्परा रहिरह्यो । वर्तमान समयमा सूचना र प्रविधिको विकास एवं त्रिपिटकमा सुलभ पहूँचको कारणले कण्ठष्ट गर्ने परम्परामा ह्रास आइरहेको छ । तर अहिलेसम्म पनि थेरवाद बुद्धशिक्षा अध्ययन र अभ्यासको लागि म्यानमार उत्कृष्ट गन्तव्यको रूपमा लिइन्छ । म्यानमार देशमा अझै पनि त्रिपिटकलाई कण्ठष्ट गर्ने परम्परा कायमै छ । बुद्धशिक्षा अध्ययनमात्र नभई सरकारीस्तरमा मौखिक र लिखित परीक्षा व्यवस्था गरी वर्षेनी परीक्षा सञ्चालन भईरहेका छन् । त्यस्तै उत्तीर्ण भएकाहरूलाई विभिन्न उपाधि एवं सुविधाहरूको व्यवस्था गरी त्रिपिटक अध्ययन गर्न प्रोत्साहन दिइरहेका छन् ।

बुद्धशासनमा सम्यक्‌बुद्ध, प्रत्येकबुद्ध एवं श्रावकबुद्ध गरी तीनप्रकारका बुद्धहरूको अवधारणा रहेको छ । आज यस लेख मार्फत **सुतबुद्ध** विषयलाई उजागर गर्दैछु । **सुतबुद्ध** शब्दको अर्थ बुद्धको ज्ञानलाई सुनेको हो । यो एउटा प्रतिष्ठित उपाधि हो । जुन म्यानमारमा तिपिटकधर तिपिटककोविद परीक्षामा उत्तीर्ण भएका भिक्षु एवं श्रामणेरहरूलाई दिइन्छ । तिपिटकधर भन्नाले जसले त्रिपिटकलाई मनमस्तिकमा राखेको छ भन्ने बुझिन्छ । यो परीक्षा विश्वमा सबैभन्दा लामो परीक्षा हो । जसमा ३३ दिनसम्म परीक्षामा सहभागी हुनुपर्ने तथा सम्पूर्ण परीक्षा पाँचवर्षसम्म सञ्चालन हुने गर्दछ । तिपिटकधर परीक्षामा त्रिपिटकलाई मौखिक रूपमा पाठ गरी परीक्षा दिनुपर्ने एवं तिपिटकधर तिपिटककोविद परीक्षामा त्रिपिटकलाई मौखिक र लिखित दुबै तरिकाले परीक्षा दिनुपर्ने हुन्छ । यस परीक्षाको मुख्य उद्देश्य भनेको म्यानमारमा प्रज्ञावान् भिक्षुहरूको उत्पादन गर्नु, परियत्ति शासनमा उच्चस्तरीय रूपमा सहयोग गर्नु र बुद्धधर्म चैत्यरूपी तिपिटकधर तिपिटकधरकोविद उत्पादन गर्नु रहेको छ । त्यस्तै नै सम्पूर्ण त्रिपिटक कण्ठष्टरूपले सम्झेर पाठ गर्न सक्ने विशिष्ट व्यक्तित्वहरूको सम्वर्द्धन गर्नु रहेको छ ।

म्यानमार देशमा ८५% भन्दा बढी बुद्धधर्म मान्नेहरू छन् । सन् २०२० को तथ्याङ्क अनुसार –

| | |
|---|---|
| भिक्षुहरू | २,८९,५८९ |
| श्रामणेरहरू | २,३०,८५५ |
| अनागारिका गुरुमांहरू | ६८,३२० |
| भिक्षुहरूको विहार संख्या | ६८,३२० |
| अनागारिका गुरुमांहरूको विहार संख्या | ४,४८१ |

रहेको छ । यस तथ्याङ्कले पनि बुद्धधर्मको प्रभावकारीता एवं प्रचारप्रसारलाई दर्शाएको छ । तिपिटकधर तिपिटककोविद परिक्षा बाहेक पनि वर्षेनी नियमित रूपमा परियत्ति शासनलाई संरक्षण र प्रर्वद्धनका लागि विश्वभर विशेष गरी बुद्धशासनलाई विशुद्ध, चिरस्थायी र प्रचारप्रसार गर्न **सासनधज धम्मचरिय परीक्षा, पठमची परीक्षा (उच्चस्तरी परीक्षा), पठमल परीक्षा (माध्यामिकस्तरीय परीक्षा), पठमङे परीक्षा (निम्नस्तरीय परीक्षा), मुलदाँ (आधारभूतस्तरीय कक्षा), अभिधम्म/विसुद्धिमग्ग परीक्षा** (अनागारिका र उपासक/उपासिकाहरूलाई मात्र) **र पाँच निकाय परीक्षा आदि** परीक्षाहरू सञ्चालन हुन्छन् । नेपालमा पनि म्यानमार देशबाट सासनधज धम्मचरिय परीक्षा उत्तीर्ण गर्नुभएका दिवंगत श्रद्धेय भिक्षु ज्ञानपूर्णिक

महास्थविर सहित ४ जना भिक्षुहरू तथा श्रद्धेय धम्मवती गुरुमां सहित ५ जना गुरुमांहरू रहेका छन् ।

**तिपिटकधर तिपिटककोविद छनौट परीक्षा :**

म्यानमारमा तिपिटकधर तिपिटककोविद छनौट परीक्षा धेरै नै व्यापक, गाह्रो तथा गम्भीर र उच्चस्तरको परीक्षा हो । परीक्षामा सहभागी हुन इच्छुक श्रामणेर र भिक्षुहरूले कम्तीमा **पठमची परीक्षा (उच्चस्तरिय परिक्षा), विनयविद् तह, तामणेच्यो को तेस्रो तह** उत्तीर्ण हुनुपर्ने नियम रहेको छ । म्यानमारमा परीक्षार्थी भिक्षुले मूलत्रिपिटकपालि ग्रन्थको ८,०२६ पेज (अर्थात् २ करोड ४ लाखभन्दा बढि म्यानमार पालि शब्दहरू) र लिखित पाटोमा २०० भन्दा बढि पालि ग्रन्थहरू, अर्थकथा र टीकाहरूको अध्ययन गर्नुपर्ने हुन्छ ।

बु.सं. २५०० छैठौं संगायन हुनुभन्दा अगाडि पाँचवटा थेरवाद धर्म अपनाउने देशहरूले म्यानमार देशलाई त्रिपिटक पाठ गर्ने व्यक्ति छ भनी प्रश्न गरेका थिए । यसको लागि म्यानमार सरकारले तिपिटकधर तिपिटककोविद छनौट परीक्षाको शुरुवात सन् १९४८ सालमा ब्रिटिस् सरकारबाट स्वतन्त्र भएपछि पहिलो राष्ट्रपति उनुको पालामा सञ्चालन गरेको थियो । यो परीक्षा धेरै गाह्रो भएकोले सन् १९५२ सम्म कसैले सफलता हासिल गर्न सकेन ।

सन् १९५३ मा धम्मनाद विहार, मङ्क्वन्‌बाट तिपिटकधर तिपिटककोविद छनौट परीक्षामा **भिक्षु ऊ विचित्तसारभिवंस (मङ्क्वन् सयादो)** उत्तीर्ण भई प्रथम हुन सफल भएका थिए । उहाँले सन् १९५० मा विनयपिटक परीक्षा उत्तीर्ण गर्नु भएको थियो । त्यस्तै उहाँले सन् १९५३ मा अन्तिम भाग सुत्तपिटक अन्तर्गतको पाथिकवग्ग उत्तीर्ण गर्नु भई ४२ वर्षको उमेरमा म्यानमारमा प्रथम तिपिटकधर उपाधि प्राप्त गर्नुभएको थियो । उहाँको यस उपलब्धीलाई गिनिज बुक वर्ल्ड रेकर्डमा पनि दर्ता गरिएको छ । त्यसैले उहाँलाई सन् १९५४–१९५६ मा छट्ठसंगायनमा छट्ठसङ्गीतिविसज्जक (मुख्य उत्तरकर्ता) को रूपमा नियुक्त गरेका थिए । उक्त संगायनमा छट्ठसङ्गीतिपुच्छकको रूपमा अग्गमहापण्डित भिक्षु ऊ सोभन (महाशी सयादो) ले प्रश्न गर्नुभएको थियो ।

**तिपिटकधर तिपिटककोविद परीक्षाको व्यवस्था :**

हाल तिपिटकधर तिपिटककोविद परीक्षा महापासाण गुहा यांगुनमा हुने गरेको छ । वास्तवमा तिपिटकधर तिपिटककोविद छनौट परीक्षा अरू धार्मिक परीक्षाभन्दा बिल्कुलै भिन्न छ । यो परीक्षा प्रत्येक वर्ष डिसिम्बरको अन्तिम हप्तादेखि जनवरीको तेस्रो हप्तासम्म हुने गर्दछ । शासन मन्त्रालयले सिफारिस गरिएका भागहरू मौखिक र लिखित दुबै परीक्षा दिनुपर्ने हुन्छ । यसमा बुद्धका उपदेशहरू सम्झनु पर्ने, ग्रान्थिक विभेद, ग्रन्थको वर्गीकरण र तुलनात्मक विश्लेषणमा अद्‌भुत ज्ञान हुनु आवश्यक हुन्छ ।

यस परीक्षा व्यवस्थाको लागि ९ जना ओवादाचरियहरू र १० जना बुद्धसासनानुग्गह गरी १९ जनाको समिति हुन्छ । त्यस्तै सासन मन्त्रालयमा त्रिपिटकप्रमुखको भूमिका मूख्य रहन्छ । जसअन्तर्गत देशको ४७ जना संघनायक भिक्षुहरू, सासनमन्त्रालयको मन्त्री, उपमन्त्री तथा सचिव, सासन मन्त्रालयको निर्देशक र सासन मन्त्रालयको प्रचारप्रसार मन्त्रालयको निर्देशकहरू पर्दछन् । त्यस्तै सासन मन्त्रालयमा त्रिपिटकप्रमुख समूह, त्रिपिटक ओवादाचार्य समूह, त्रिपिटक परीक्षाको लागि गृहस्थहरूको समूह, व्यवस्था वा प्रबन्ध गर्नेको समूह र वेय्यावच्च समूह पर्दछन् । ओवादाचार्य भिक्षुहरूले प्रश्न बनाउन, निर्देशन एवं व्यवस्था सम्बन्धी कार्यहरूको जिम्मेवारी लिएका हुन्छन् ।

मौखिक पाठ दिनुपर्ने **त्रिपिटकको विषयवस्तु ८०२६ पेज** रहेका हुन्छन् । यस अन्तर्गत ८५१ पेज विनयपिटकको पहिलो र दोस्रो ग्रन्थहरूबाट लिइन्छ । विनयपिटकबाट नै १४०९ पेज बाँकी तीनवटा ग्रन्थका विषयवस्तु रहेका हुन्छन् । त्यस्तै सुत्तपिटक अन्तर्गतको दीघनिकायका ७७९ पेज पाठ दिनुपर्ने हुन्छ । त्यस्तै नै अभिधम्मपिटक अन्तर्गत अभिधर्मका पहिलो पाँचवटा ग्रन्थहरूबाट १३९० पेज लिइन्छ । यसरी नै अधिधम्मपिटकका बाँकी दुईटा

ग्रन्थबाट ३५९७ पेज पाठ गर्नु पर्ने हुन्छ। परीक्षाको पहिलो र दोस्रोवर्षमा परीक्षामा सम्मेलित भिक्षुहरूले विनयपिटकको (२२६० पाना) जम्मा २० दिनमा दिनुपर्ने हुन्छ।

२० दिन अन्तर्गत पाराजिकापालि, पाचित्तियपालि, महावग्गपालि, चूलवग्गपालि र परिवारपालि परीक्षा हुन्छ। प्रत्येकलाई ३ दिनको हिसाबले १५ दिनसम्म परीक्षा हुन्छ र बाँकी पाँच दिन यसका अर्थकथा र टीकाका सम्बन्धमा लिखित रूपमा हुने गर्दछ। तेस्रो वर्षमा परीक्षामा सम्मेलित भिक्षुहरूले सुत्तपिटकका ३ वटा भाग (७७९ पेज) को परीक्षा दिनुपर्ने हुन्छ। चौथौं र पाँचौं वर्षमा पहिलो वर्षको पाँचवटा ग्रन्थहरू (१३९० पेज) र अन्तिम दुईटा (३५९७ पेज) अभिधर्मका सात वटा प्रकरणहरू जोडिएका हुन्छन्।

३३ दिनको लामो परीक्षामा सम्मेलित परीक्षार्थीहरूले एउटा ग्रन्थलाई तीन दिन दिइन्छ। दिनको नौचोटी (बिहान चारचोटी र  दिउँसो पाँचचोटी) परीक्षा दिइन्छ। एउटा पाठ २५ मिनेटको हुन्छ र एउटा पाठ सकेपछि १० मिनेटको विश्राम हुन्छ। २५ मिनेटमा १२ पेज मौखिक परीक्षा दिनुपर्ने हुन्छ। यसरी गणना गर्दा एकदिनमा कम्तीमा १०० देखि १५० पेज हुन्छन्। त्यस्तै लिखित परीक्षामा पनि १२ वटा प्रश्नहरू सोधिएकामध्ये २ वटा प्रश्न अतिरिक्त हुन्छ। एउटा प्रश्नको १० अङ्क प्राप्त हुन्छ। यसमध्ये पनि ७५ अङ्क आएमा मात्र पास हुन्छ। त्यस्तै ८५ अङ्क हासिल गरेमा उत्कृष्ट हुने गर्दछ।

**विभिन्न उपाधिहरू :**

१. **उभतो विभङ्गधर** (मौखिक पाराजिक र पाचित्तियपालि परीक्षामा उर्त्तीण)
२. **उभतो विभङ्गकोविद** (लिखित पाराजिक र पाचित्तियपालि परीक्षामा उर्त्तीण)
३. **विनयधर** (मौखिक विनयपिटक परीक्षामा उर्त्तीण)
४. **विनयकोविद** (लिखित विनयपिटक परीक्षामा उर्त्तीण)
५. **द्विपिटकधर** (मौखिक विनय र सुत्तपिटक परीक्षामा उर्त्तीण) (दीघभाणक)
६. **द्विपिटककोविद** (लिखित विनय र सुत्तपिटक परीक्षामा उर्त्तीण) (दीघनिकायकोविद)
७. **मूलआभिधम्मिक** (मौखिक अभिधम्मपिटकको पाँचवटा प्रकरणहरूको परीक्षामा उर्त्तीण)
८. **अभिधम्मकोविद** (लिखित अभिधम्मपिटकको पाँचवटा प्रकरणहरूको परीक्षामा उर्त्तीण)
९. **तिपिटकधर** (मौखिक यमक र पट्ठान परीक्षामा उर्त्तीण)
१०. **तिपिटककोविद** (लिखित यमक र पट्ठान परीक्षामा उर्त्तीण)

सबै तहको परीक्षामा उत्तीर्ण हुने भिक्षु वा श्रामणेरलाई म्यानमार सरकारबाट "**सासन अजनि**" वा पालिमा "**सासनाजानेय्य**" अर्थात् बुद्धका उपदेशहरूलाई जान्ने आर्दश व्यक्तिको रूपमा मूल्याङ्कन गरिन्छ। त्यस्तै "**सुतबुद्ध**" (अर्थात् बुद्धको ज्ञानलाई सुनेको) भन्ने प्रचलन रहेको छ। तिपिटकधर तिपिटककोविदको दुबै मौखिक र लिखित परीक्षामा विशिष्ठश्रेणीमा उत्तीर्ण हुँदा **महा तिपिटककोविद** उपाधि प्राप्त गरिन्छ। त्यस्तै नै तिपिटकधर तिपिटककोविद हासिल गरेको पाँच वर्ष पछि **धम्मभण्डागारिक** (अर्थात् धर्मको विज्ञ र रक्षक) उपाधि पनि प्रदान गरिन्छ। सन् १९४८ देखि सन् २०२५ सम्ममा हजारौं भिक्षुहरू सम्मेलित भएका ७७ वर्षको समय अन्तरालमा जम्मा १७ जना भिक्षुहरूले मात्र उपाधि हासिल गर्न सफल भएका थिए। तिपिटकधर तिपिटककोविद छनौट परीक्षाको पहिलो वर्षमा कुनै उपाधिमा कोही पनि उर्त्तीण हुन सकेन। जुन परीक्षा हालको यांगुन शहरमा भएको थियो।



**अद्भुत महान् तिपिटकधर तिपिटककोविद, तिपिटकधर धम्मभण्डागारिक भिक्षुहरू :**

| क्र. सं. | नाम | उपनाम | उत्तीर्ण वर्ष (सन्) | अध्ययन स्थल |
|---|---|---|---|---|
| १. | भद्दन्त विचित्तसाराभिवंस (१९११ - १९९३) | मङ्क्वन् सयादो | १९५३ | धम्मनाद विहार, मङ्क्वन् |
| २. | भद्दन्त नेमिन्द (१९२८ - १९९१) | पक्खुकू सयादो | १९५९ | महाविसुताराम विहार, मोलमिन |
| ३. | भद्दन्त कोसल्ल (१९२८ - १९९५) | पी सयादो | १९६३ | पञ्चनिकाय विहार, यांकिन |
| ४. | भद्दन्त सुमङ्गलालङ्कार (१९४६ - २००६) | महागन्धाराम सयादो | १९७३ | महागन्धाराम विहार, मयांगून |
| ५. | भद्दन्त सीरिन्दाभिवंस (१९४७) | यो सयादो | १९८४ | महाविसुद्धाराम विहार, बाहान |
| ६. | भद्दन्त वायामिन्दाभिवंस (१९५५) | येजज्यू सयादो | १९९५ | तिपिटक विहार, दगुन |
| ७. | भद्दन्त सीलक्खन्धाभिवंस (१९६४) | मोच्व्यन् सयादो | १९९९ | तिपिटकनिकाय विहार, दगुन |
| ८. | भद्दन्त वंसपालालङ्कार (१९६५) | म्येमू सयादो | १९९९ | तिपिटकनिकाय विहार, सकाँइ |
| ९. | भद्दन्त गन्धमालालङ्कार (१९६७) | म्यइङ्छ्यां सयादो | २००० | मङ्क्वन् धम्मनाद विहार सकाँइ |
| १०. | भद्दन्त सुन्दर (१९५५) | तिपिटकधर स्वंल्वं सयादो | २००४ | स्वंल्वंगू विपस्सना विहार, तैंगानच्वँ |
| ११. | भद्दन्त इन्दपाल (१९६०) | रम्मावती सयादो | २००४ | तिपिटक विहार, सकाँइ |
| १२. | भद्दन्त अभिजाताभिवंस (१९६८-२०२०) | सकाँइ सयादो | २०१० | महासुबोधाराम विहार, सकाँइ |
| १३. | भद्दन्त इन्दाचरिय (१९६४) | भुतलेन् सयादो | २०१२ | तिपिटकनिकाय विहार, सकाँइ |
| १४. | भद्दन्त वीरियानन्द (१९७०) | नाउँ छ्यु सयादो | २०१७ | तिपिटकनिकाय विहार, दगुन |
| १५. | भद्दन्त पञ्ञावंसाभिवंस (१९७५) | च्याउपाँताउ सयादो | २०२० | महागन्धविनयनिकाय विहार, दगुन म्योते (पूर्व) |
| १६. | भद्दन्त पञ्ञासिरीलङ्कार (१९६५) | म्येङ्म दुतिय सयादो | २०२४ | तिपिटकनिकाय विहार, दगुन |
| १७. | भद्दन्त सेट्ठाञाणलङ्कार (१९७९) | येउ सयादो | २०२५ | तिपिटकनिकाय विहार, दगुन |


भद्दन्त विचित्तसाराभिवंस


भद्दन्त नेमिन्द


भद्दन्त कोसल्ल


भद्दन्त सुमङ्गलालङ्कार


भद्दन्त सीरिन्दाभिवंस


भद्दन्त वायामिन्दाभिवंस


भद्दन्त सीलक्खन्धाभिवंस


भद्दन्त वंसपालालङ्कार


भद्दन्त गन्धमालालङ्कार


भद्दन्त सुन्दर


भद्दन्त इन्दपाल


भद्दन्त अभिजाताभिवंस


भद्दन्त इन्दाचरिय


भद्दन्त वीरियानन्द


भद्दन्त पञ्ञावंसाभिवंस


भद्दन्त पञ्ञासिरीलङ्कार


भद्दन्त सेट्ठाञाणलङ्कार

सन् १९७३ मा भिक्षु भद्दन्त सुमङ्गलालङ्कार (महागन्धाराम सयादो) ले सबैभन्दा कम उमेर (२७ वर्ष) मा तिपिटकधर तिपिटककोविद उत्तीर्ण गर्नुभएको थियो । सन् १९९९ मा दुईजना भद्दन्त सीलक्खन्धाभिवंस (मोच्व्यन् सयादो) र भद्दन्त वंसपालालङ्कार (म्येमू सयादो) हरूले तिपिटकधर उपाधि हासिल गर्न सफल भएका थिए । त्यसरी नै सन् २००४ मा भद्दन्त सुन्दर (तिपिटकधर स्वंल्वं सयादो) र भद्दन्त इन्दपाल (रम्मावती सयादो) तिपिटकधर उपाधि हासिल गर्न सफल भएका थिए । यसरी धेरै भन्दा धेरै भिक्षुहरूले उत्कृष्ट स्मरण शक्तिको आधारमा उपाधि हासिल गर्न सफल भएका छन् ।

**उपाधिधारीहरूलाई प्रदान गरेका विभिन्न सुविधाः**

म्यानमारमा त्रिपिटक कण्ठष्ट अध्ययन गर्न प्रोत्साहन स्वरूप त्रिपिटकधर त्रिपिटककोविद परीक्षामा उत्तीर्ण हुने भिक्षुलाई भोजनको व्यवस्था, म्यानमार देशभित्र रेल, जहाज एवं हवाई (सरकारी) टिकट निःशुल्क र कप्पिय (सेवक) को व्यवस्थाको सुविधा प्रदान गरेको हुन्छ । त्यस्तै गाडीमा झण्डा फहराउन पनि पाउने हुन्छ । यदि एउटा पिटक परीक्षामा उत्तीर्ण भयो भने एउटा सेतो कनकदण्ड छाताको पहेँलो छड्डी भएको धारण गर्न दिइन्छ । त्यस्तै नै दुई र तीनवटा पिटक परीक्षामा उत्तीर्ण हुने भिक्षुलाई क्रमशः दुई र तीनवटा सेतो कनकदण्ड छाता धारण गर्न दिइन्छ । यसरी तिपिटकधर तिपिटककोविद उपाधि हासिल गरेको भिक्षुले उपाधि हासिल गरेको ५ वर्ष पछि म्यानमार सरकारले तिपिटकधर धम्मभण्डागारिक उपाधिबाट पनि विभूषित गरिन्छ । ■

*(यो लेख परियत्ति सद्धम्म कोविद मध्यम वर्ष अन्तर्गत पञ्चम पत्रको 'विश्वमा बुद्धधर्म र बौद्ध स्मारकहरू' विषयभित्र एकाइ २ म्यानमारमा बुद्धधर्म विषयमा उल्लेख भएको छ ।)*



# महिलामुख जातक

✍ प्रकाश बज्राचार्य

"आहा ! क्या मजासंग चोरिएछ त आज ?"

"यति पैसा पाउँला भन्ने त आशै थिएन मलाई ।"

"त्यो सैनिकलाई नमारेको भए कहाँ यति पैसा आउँछ र ?"

"साँच्चै हगि ? मान्छे मर्नु पनि बेस कुरो रहेछ ।" "आजको जमाना नै यस्तो । अरूलाई गालि नगरी, नतर्साई, नमारी केही पनि हासिल गर्न सकिदैन ।"

"अस्तिकै कुरो नि ! सेठलाई दुई चार मुक्का हानी नतर्साएको भए, मारिदिन्छु भनी नतर्साएको भए के हामीले पैसा लुट्न पाउँथे र ?"

"आखिर जसले जे भने पनि रिसाहा हुनु नै जाति रहेछ । बेला बखतमा मान्छे पनि मारिदिनु पर्दो रहेछ । त्यसैले होला सबै हामीदेखि तर्सेर हामीले भने जस्तो गर्ने ।"

"अब भोलि कहाँ लुट्न जाने त ?"

चोरहरूको जमातमा कुरोकानी हुँदै थियो । गुप्त मन्त्रणा सकिएपछि उनीहरू सुत्न गए । अर्को दिन पनि त्यहिं भेला भई चोरहरू मन्त्रणा गर्न बसे । यसरी धेरै दिनसम्म उनीहरू सोही ठाउँमा आई चोरी गर्ने नीति बारे कुराकानी गर्न भेला हुन थाले ।

त्यो ठाउँ थियो राजदरवारको हस्तशालाको नजिकै । ती चोरहरूको कुराकानी हस्तशाला रहेको महिलामुख नाउँको एक मंगल हात्तीले सुनिराख्ने गर्थ्यो । पशुको जात न ठहरियो । पर्खालको पारी गरिराख्ने कुरोकानीलाई त्यो हात्तीले उसैलाई उपदेश दिएको भन्ठानेछ । यो संसारमा रिसाहा हुनेलाई, निर्दयी भई अरूलाई मार्नेलाई नै भलो हुँदो रहेछ भन्ने कुरा त्यो हात्तीको मनमा पसेछ ।

भोलिपल्ट ! बिहान सबेरै हस्तबलमा सफा गर्न आउनेलाई त्यो हात्तीले कुल्चेर ठाडै मारिदियो । खाना ख्वाउन आउने माउतेलाई सुँडले बेरेर भुइँमा पछारिदियो । हात्तीको त्यो पारा देखेर कसैले पनि उसको अगाडि जाने हिम्मत गर्न सकेनन् ।

मंगल हात्री बौलाएछ भन्ने खबर राजदरवारमा पुगे । राजा, मन्त्रीगण र पण्डितहरू बसी विचार विमर्श गर्न थाले । ती मध्ये एकजना विद्वान् पण्डितलाई हात्ती बौलाउनुको कारण पत्ता लगाउन आदेश दिइयो ।

पण्डितले जाँचबुझ गरे । हात्ती स्वस्थ थियो । कुनै केही खराबी थिएन । चतुर पण्डितले विचार गरे हो न हो कसैले त्यो हात्तीको कानमा केही फुकिदिएको छ । छानविन गर्दैगर्दा केही समयपछि सुइँको पाइयो कि हस्तशाला नजिकै राती चोरहरू मन्त्रणा गर्न आउँदो रहेछ ।

पण्डित भई राजाकहाँ जाहेर गर्न गए, "महाराज ! कोही-कोही अरूको कुरो सुनी ठीक बेठीक नछुटाई आँखा चिम्ली काम गर्दारहेछन् । अरूले भन्यो भन्दैमा पत्याउँदा रहेछन् । महिलामुखी हात्तीलाई पनि त्यसै भएछ । हस्तशालाको नजिकै चोरहरूले कुमन्त्रणा गर्न आउने सुनी हात्तीले पनि त्यही कुलतलाई सुलत मानेछ र त्यसैले रिसाहा भई निस्केको हो ।"

राजाले भने– "श्याबास पण्डितजी ! तपाईं त हात्तीहरूको मनोविज्ञान पनि बुझ्नु हुँदोरहेछ । अब के उपाय गर्नुपर्ला त ?"

पण्डितले सुझाव दिए– "राजन ! प्रथमतः ती चोरहरूलाई समात्नु पर्‍यो । दोस्रो कुरा त्यस ठाउँ पण्डितहरू बसाई बारम्बार धर्म चर्चा गराउनु पर्‍यो । यसो गर्नाले हात्तीले राम्रा कुराहरू सुन्ने छन् र तीलाई आफ्नो आदर्श बनाउने छन् ।"

तुरुन्तै राजाले सोही अनुसार काम गर्न हुकुम भए । ■

**"यो जातक अरूको हाहामा लाग्ने एक भिक्षुको सम्वन्धमा बुद्धले बताउनु भएको थियो । यसमा पण्डित हुने बोधिसत्व थिए ।"**

# गज्याःगु छ्यैं सुख दइ ?

✍ सुनीता मानन्धर

थौं छेखापतिकं छम्हनाप मेम्हेसिया वैरिभाव दना वयाच्वंगु खनेदु । छँय् सकसियां नापं जुयाच्वनेगु धइगु ला तसकं थाकुगु ज्या हे जुइधुंकल । थौंया इलय् गुलिसिनं थः मां अबु हे घाघः तायेकाच्वंगु दुसा गुलिसिनं छम्हं मेम्हेसित लाञ्छना बियाः थवंथवय् ल्वानाच्वंगु नं दु । थुगु इलय् परम्परावादी व आधुनिकताया दथुइ पुस्तान्तरया द्वन्द्व नं ब्वलनाच्वंगु दु ।

ई न्ह्यागु हे जूसां मिसा धायेवं कतःया छ्यैं वनाः उकियात हे थःगु छें यायेमाः । न्हूगु छें व न्हूगु परिवेशयात थःगु छें अले थःथिति कथं नाला कायेमाः थुकथं न्हूगु छ्यैं वनाः च्वंवने अःपुगु खँ मखु धइगु थुइकाः हे जुइमाः थौं स्वयां २६०० दँ न्ह्यः बुद्धकालय् धनञ्जय सेठं थः म्ह्याय् विशाखायात भिगू अर्थपूर्ण आदेश ब्यूगु खँ न्ह्यथना तःगु दु । खयत ला उगु ईनाप थौंया ई यक्व हे पायेधुंकल । तर अथे खःसां नं दक्व छेंजः पिंसं थुइकाः नाला काये फःसा छेंय् वैरिभाव व ल्वापुख्यापु धइगु दइ मखु । थुगु भिगू अर्थपूर्ण आदेश थौंया परिस्थितिइ पायछि जू लाकि मजू धइगु खँय् छक्वः बिचाः याना स्वये ।

छें दुने च्वंगु मि पित यंके मज्यू- मनूया बानी सुं छम्ह नापलात कि नागःतुगः याये हे माः । दक्वसिया छ्यैं नं न्हियान्हिथं धइथें छुं नं छुं बांलाःगु वा बांमलाःगु घटना ला जुया हे च्वनी । थुकथं थःगु छेंय् जूगु घटना पिनेयापिंसं सिल कि उकी भन आपाः खँ तनाबी । थुकिं यानाः ल्वापु मजुइगु छेंय् नं ल्वापु दना वइ । थःगु छेंया आगं कर्पिन्त कनेवं छखे कर्पिसं हेलाया दृष्टिं स्वइसा मेखे खःगु मखुगु खँ छुनाः ल्वापु ताःहाकयेगु नं कुतः याइ । थौंया इलय् खःगु व भिंगु खं ल्हाइपिं धयागु म्हो जक हे दइ । मि धइगु तसकं ग्यानापुसे च्वं । छकूचा मि पुसा नंछें हे ध्वस्त जुइक च्याकाबी फु । उकिं छेंया मि पित यंके मज्यू धइगु खँ थौं नं सकलें छेंजःपिंस थुइका कायेबह जू ।

पिनेया मि छेंय् दुतहय् मज्यू-छेंय् ल्वापु जुइगु कारण मध्ये पिनेया खँ नं छता खः । पिनेया तं छेंय् वयाः क्यनाः ल्वापु याइपिं नं यक्व हे दु । सुनान छु खँ कन धायेवं उकियात पत्या यानाः छेंजः नाप ल्वायेगु, दायेगु, थलबल, सामान बस्वानाः तछ्यायेगु थेज्याःगु ज्या तकं याइपिं नं दु । थुकिं याना छेंजःपिं सकसियां मानसिक स्थिति स्यनीगु नापं छेंय् च्वने तकं थाकुया वइ । उकिं थौं नं पिनेया मि छेंय् दुत हय मज्यू धइगु धापूयात सकसिनं मनन याये हे माः ।

ब्यूपिन्त जक बीमा, मब्यूपित बी मज्यू- मनू जुसेलिं समाजय् सकलें नाप मिले जुयाः च्वने सयेकेमाः । तर समाजय् नाना कथंयापिं हे मनूत दु । गुम्हं ठगे जक यानाः नइपिं जूसा गुम्हं सामान कयाः लित बी मसःपिं न जुइफु । उकिं सकसिया बानी सीकाः उपिनाप उगु कथं हे व्यवहार नं याये सयेकेमाः । यदि थःगु सामान यंकाः लित मब्यूपि दुसा वयात लिपा मेगु सामान बी मज्यू । थुकिं यानाः थःगु सामान हेरचाह यायेगु बानी न जुइसा दुगु धन सम्पत्ति नं माःगु थासय् माःछि कथं छ्यले सइ । उकिं ब्यूपिंत जक बीमाः, मब्यूपिंत वी मज्यू धइगु खँयात सदां लुमंका तयेमाः ।

ब्यूसां मब्यूसां बीमाः समाजय् दुपिं जक मखु मदुपिं मनूत नं दु । यदि गरीब, फ्वगिं, भिक्षु, जोगी थःगु छेंय् वल धाःसा उमित दान भावना तयाः सामान बीमाः । थुगु इलय् उमिसं हाकनं थम्हं बियागु सामान लित बी अथवा उमिसं हाकनं थःत ग्वाहालि याइ धइगु आशा धाःसा काय मज्यू । थुकिं सकसितं छगू हे कथं व्यवहार याये मज्यू धइगु खँ नं स्यनी ।

बांलाक च्वनेमाः न्हियान्हिथं व याउँक च्वनेगु थाय् धइगु छेंय् हे खः । उकिं छेंजःपिं सकसिनं सकलेंनाप बांलाक व्यवहार याये सयेकेमाः । थःस्वयां थकालिपिंत मान सत्कार यायेगु, क्वकालिपिंत माया मतिना यायेगु, बुराबुरीया सेवा टहल यायेगु, बांलाक व्यवहार यायेगु खः । थुकथं सकसिनं थःगु कर्तव्य सीकाः बांलाक याये सल धाःसा छेंय् ल्वापुख्वापु दइ मखु ।

बांलाक परिभोग याये सयेकेमाः - सुं मनू छेंय् थः याकःचा जक ला जुइ हे मखु । छेंय् धइगु सकलें जःपिं मुनाः च्वनेगु थाय् खः । छेंय् जःपिं नाप च्वनेगु इलय् गबलें सुख जुइसा गबलें दुःख जुइ । गबलें पूर्ण जूसा गबलें अभावया परिस्थिति नं ब्वलनी । दुःख, अपूर्ण व अभावया परिस्थिती ब्वलंसा छेंय् जःपिं सकलें जानाः उकिया समाधानया लँपु माले सयेकेमाः । छेंय् जः पिंत

मदुसां जि थः जक नये, थः जक त्वने, थःजक याउँक च्वने धइगु बिचाः मनय् तकं वयेके मज्यू । थुकथं हरेक परिस्थितिइ थम्हं नं साथ ब्यूसा थःत मालीगु इलय् नं सकसिनं ग्वाहालि याइ ।

सुखपूर्वक द्यनेमाः- छम्ह स्वस्थ मनू जुइत नये त्वनेगु नापं द्यनेगु नं उलि हे आवश्यक जू । याउँक द्यनेया लागिं दकलय् न्हापां छैंय् सुख शान्ति दयेमाः । न्ह्यः वयेकेत तनाव मुक्त जुइमाः । अथे हे जब सुं याउँक द्यने मखन धाःसा वया दिमागं नं बांलाःगु बिचाः मयाइगु खं प्रमाणित जुइधुंकूगु दु । उकिं छैंय् जःपिं सकसिनं याउँक द्यनेगु लकस ब्वलंकेमाः । दिमागय् छुं कथंया तनाव मदयेक याउँक द्यने खन धाःसा याउँक दनाः ज्या नं याये फइ ।

थः सदां मिया दथुइ दु धइगु थुइकेमाः - थौंया इलय् सुयात छु जुइ सुनानं निर्धक्क कथं धाय् फुगु स्थिति मदु । थः छचालं च्वनीपिं नाप बांलाक व्यवहार याये मसल धाःसा थ त थीथी कथंया लाञ्छना वयाः उपिं नाप च्वने तकं थाकुया वइ । उकिं सकलें सदा सतर्क व सचेत जुयाः च्वनेमाः । थीथी कथं वइगु पंगः यात चीकेगु सामर्थ्य नं ब्वलंकेमाः । थुकिं यानाः सदां सतर्क व सचेत जुयाः च्वने फइ ।

छैंया कुल द्यःया सेवा सत्कार यायेमाः -छैंया कुल द्यः धइपिं थः स्वयाः थकालिपिं खः । उमिसं हे झीगु म्हसीका ल्यंका तःगु खः धइगु खँ नं सीका कायेमाः । उकिं उमित सदां सत्कार याये सयेकेमाः ।

खयत ला थुगु उपदेश धनञ्जय सेठं थः म्ह्याय् विशाखायात ब्यूगु खः । यदि थुगु उपदेश थौं नं सकसिनं थुइकाः, थुकियात नाला काये फत धाःसा छैंय् छखा दुने नं न्ह्यइपुगु लकस ब्वलनी ।

थःछैंय् त्वःताः वःम्ह मिसायात न्हूगु छेंय् ल्वापु यानाच्वनेगु व मचानिसें सुखः, दुःख यानाः ब्वलंकूम्ह थः कायनाप ल्वापु जुइगु इलय् सुया नुगः मख्वइ अथे हे मचांनिसें नापनापं ब्वलंपिं दाजुकिजापिं नाप कचवं ब्वलनेवं सकसितं मानसिक तनाव जुइगुला स्वाभाविक हे खः । उकिं थुगु इलय् सकसिनं च्वय् न्ह्यथनागु झिगू अर्थपूर्ण उपदेशयात व्यवहारय् छ्यला यंके फत धाःसा सकसिनं थःगु गृहस्थी जीवन न्ह्यइपुक व याउँक हने खनी । ■



Lumbini-1970ies AD

# Vipassana a Medicine



✍ **Bhikshu Bodhijana**

The Buddha was called by different names. He was called a teacher, philosopher, yogi, reformer, etc. But as a student of Vipassana meditation, I find him also as a physician, surgeon, therapist and pathologist. The reason is not far to seek. The study of the life of Satyanarayan Goenka, the world famous Vipassana Acharya who just passed away, is a

living proof of this claim. S.N. Goenka suffered from the disease of migraine. He spent a lot of money for doing away with this disease through treatment in various developed countries, but in vain. It is only after joining the 10-day Vipassana Meditation course at the advice of Sayadaw U Ba Khin that he was cured of this disease.

The Buddha's search for a way to end human suffering and to end it is the diagnostic approach of a physician. He pointed out the origin of human suffering and the ways to eliminate it. The case of the mother of an Indonesian monk who suffered from breast cancer also proves this. She was examined in Singapore some time ago and she was told that she had only six months to live. She then decided to join the Vipassana meditation course of the Panditarama Forest Meditation Centre at Bago, Myanmar. She was then cured of the disease.

**A Case of Tuberculosis**

In this regard, I am quoting a case of tuberculosis given in the book In This Very Life written by Sayadaw U Pandita.

"Once there was a man who had been suffering from tuberculosis for many years. Having sought treatment from various doctors and traditional Burmese herbalists, and having spent time in the TB ward of Rangoon General Hospital, still he was not cured. Downhearted and desperate, he felt certain that the only path open to him led toward death. As a last resort, he applied to meditate at the center but concealed his poor state of health lest he be refused admittance on the grounds that other yogis' health would be endangered.

Within two weeks of practice, his chronic symptoms came to the surface with a vengeance, exacerbated by the painful sensations that normally come during a certain period of practicing the Dhamma. His pain was so excruciating, agonizing and exhausting that he could not sleep at all but lay awake all night coughing.

One night I was in my cottage and I heard the terrible coughing sounds that came from his quarters. Taking some Burmese herbal cough medicine, I went to him expecting to help alleviate some recently contracted flu or cold. Instead, the man was sprawled in his room, so exhausted that he could not say a word to me. His spittoon was nearly filled with blood he had coughed up. I asked if he wanted medicine, and when at last he was able to speak, he confessed his medical condition. My first thought was to wonder whether I had breathed any of his germs.

The man went on, apologizing for having brought this infectious condition into the retreat center, but begging for permission to continue his practice. "If I leave there is only one path for me and that is the path of death," he said. These words touched my heart. I quickly began to encourage and inspire him to continue the practice. After making quarantine arrangements to prevent his tuberculosis from spreading all

over the center, I continued to instruct him.

Within a month the man had overcome his tuberculosis through his fantastic progress in meditation. He left the center completely cured. Three years later he reappeared as a robust and healthy monk. I asked him how he felt now. Had his TB or coughing fits recurred? "No," said the man. "The TB has never returned. As for coughing, at times my throat itches, but if I am mindful of this sensation immediately, I don't begin to cough.

The Dhamma is fantastic, miraculous. Having drunk the medicine of Dhamma, I am completely cured."

**Purifying the Mind**

Regarding the need for purifying the mind, Sayadaw U Pandita writes,

"For a sound mind in a sound body, the balance between the two is essential. So, mind must be purified. Mental disease is the disease of greed, hatred, delusion, jealousy, miserliness, conceit and so forth. When these forces arise, they make the mind unclear and clouded. This clouded mind will produce physical phenomena which reflect its clouded state. Instead of having a clear and bright complexion, when your mind is clouded by negativity, you will look dull, unhappy and unhealthy, much as if you had been breathing polluted air. However, if you are energetically trying to activate a penetrative mindfulness from moment to moment on the object of observation, very naturally the mind will stay on this object without scattering or dissipating. Samadhi or concentration is present at this time. After a due period, the mind will be cleansed of the hindrances or negative tendencies. Now wisdom will begin to unfold. When insights arise, the mind becomes even purer, as if it were breathing clean air again after returning from the hustle and bustle of a city. Mindfulness, energy and investigation lead to concentration and insights which arise in successive stages. Each new insight is like another breath of fresh air to the mind. The stage of insight into the arising and passing away of phenomena is the beginning of good, deep practice. The factor of equanimity begins to stabilize the mind, and mindfulness becomes deeper and deeper. The arising and passing away of objects will be perfectly dear, and there will be no doubt about the true nature of upsurges energy of what can be directly experienced. Sudden may make the practice seem effortless at this point. Yogis may understand that there is no one present even to make an effort. Joy and rapture arise as the yogi perceives directly his or her own purity of mind, as well as the secret of reality unfolding from moment to moment.

Tremendous joy is followed by tranquil peace and a mind that is free from doubts and worries. In this peaceful space it is possible to see more and more clearly. Concentration can also deepen when there is no disturbance.

At this deep level of practice, one can truly experience a balanced mind, a mind that is not swept away by pleasant sensations, even though extreme rapture and joy may be present. Nor do unpleasant objects agitate the mind. Yogis feel no dislike for pain nor attachment to pleasure."

While practising meditation, one should not concentrate one'e attention on one's disease but to remove different defilements of the mind. This process requires strong will and determination. Vipassana meditation is directed toward "taming and training the mind". Human beings suffer from mental defilements such as anger, jealousy, avarice, malice, etc. Vipassana meditation is a method to realise what we are and to discover ourselves. Once we know what we are and what we are doing, we are close to attaining salvation, to Nirvana.

I find it very difficult to describe the fruits of Vipassana meditation. S.N. Goenka has described it very well. He wrote:

"According to the law of nature, when the mind is pure, it is full of love, compassion, sympathetic joy and equanimity. This is the nature of a pure pure mind."

The generation of pure mind is the fruit of Vipassana meditation. ■

# The Last Message of the Buddha

✍ **K. Sri Dhammanan**

When I am gone, my Teaching shall be your Master and Guide.'

Three months before His passing away the Buddha addressed His disciples and said; 'I have delivered sermons to you during these forty-five years. You must learn them well and treasure them. You must practise them and teach them to others. This will be of great use for the welfare of the living and for the welfare of those who come after you'

My years are now full ripe; the life span left is short. I will soon have to leave you. You must be earnest. O monks, be mindful and of pure virtue! Whoever untiringly pursues the Teaching, will go beyond the cycle of birth and death and will make an end of Suffering.

When Ananda asked the Buddha what would become of the Order after He passed away, the Buddha replied, 'What does the Order expect of me, Ananda? I have preached the Truth without any distinction; for in regard to the Truth, there is the clenched hand in the Teachings of the Buddha .... It may be, Ananda, that to some among you, the thought will come the Master's words will soon end; soon we will no longer have a master." But do not think like this, Ananda. When I a my Teaching and the disciplinary code shall be your Master.

The Buddha further explained: If there is anyone who thinks, 'It is I who will lead the brotherhood', or 'The Order is dependent on me, it is I who should give instructions', the Buddha does dependent on Him. I have reached the end of my days. Just as a worn-out cart can only be made to move with much additional care, so my body can be kept going only with much additional care. Therefore, Ananda, be a lamp and refuge unto yourselves. Look for no other refuge. Let the Truth be your lamp and your refuge. Seek no refuge elsewhere.

At the age of eighty, on His birthday, He passed away without showing any worldly supernatural powers. He showed the real nature of component things even in His own life.

When the Buddha passed away into Nibbana, one of His disciples remarked, All must depart - all beings that have life He, a peerless being, powerful in Wisdom and Enlightenment must shed their compounded forms. Yes, even a Master such as

even He must pass away."

The parting words of the Buddha:

**'Appamadena Sampadetha Vaya Dhamma Sankhara'**

**'Work diligently. Component things are impermanent.'**

*- Maha Parinibbana Sutta*

*(Source: What Buddhists Believe Page 39)*

*"Not to blame, not to strike, to live restrained under the law, to be moderate in eating, to sleep and sit alone, and to dwell on the highest thoughts, this is the teaching of the Awakened."*

*"Do not speak harshly to anybody; those who are spoken to will answer thee in the same way. Angry speech is painful, blows for blows will touch thee."*

*– Dhammapada*

# KAMMA AND REBIRTH

✍ **Ven. Anoma Mahinda**

Kamma is a Pali word which means 'action'. We have no suitable word in the English language which exactly expresses the meaning. It is for this reason that we use the Pali term here. It is sometimes known by the Sanskrit term, Karma, but the Hindu conception is very different from Kamma as taught by the Buddha and it would be better not to use it in this document.

Kamma can be described as the impersonal force which determines our circumstances in this life and fashions our conditions in the future. It is the energy which survives man at death and links this life with the next. If there is no kamma there can be no rebirth. Nothing of the mind or body is reborn but only this powerful energy kamma.

We have already explained that the Buddha's Path was one of good conduct or high morality. By observing this code we do not perform bad actions or deeds and therefore, do not create bad kamma. If we live an unrestrained life, respond- ing to desires, cravings, and passions of the senses, we produce bad kamma. Kamma is therefore, good or bad according to our deeds, of mind, speech, or body. Both good or bad kamma can produce rebirth, but the good will naturally bring about conditions which are favourable, while the bad will produce circum- stances which no wise individual would seek. The state of Nibbana does not result from either good or bad kamma, but only from the extinction of all kamma. A person who reaches the state of Nibbana and who will not be reborn is called an Arahant.

The results of good or bad kamma can be experienced in this life, the next or a subsequent one.

The inconsistencies of life and the unequal conditions into which people are born, give the intelligent cause for very serious thinking. Why are some born rich while others poor? Why does one prosper and another fail? Some are clever and some are dull; others are gifted with great charm and beauty while others lack these qualities. Why is one born maimed or to a life of sickness, while others, less worthy, enjoy good health? Why should one baby be taken to the grave while another lives to old age? The good man is often beset with misfortune while the scoundrel prospers.

Western philosophies have no satisfactory answers to these questions which can only be explained by kamma. We have stressed the scientific nature of the Dhamma, but in the case of kamma and rebirth, we are in a similar position to the scientist when he is asked to prove the atomic theory, gravity, evolution or electricity. We are told that 'proof,' as we often understand the word, cannot be given. Much scientific knowledge is accepted because there is no other possible explanation of a phenomenon. Most scientists are now learning to apply and use matter and radiation without waiting for it to be put into a test tube. Knowledge of kamma and rebirth is the logical outcome of the observation of natural phenomena.

There have been many attempts in the past to explain a person's character only by hereditary and environment, but this left so many vital problems unanswered. Only in the light of kamma does the enigma become solved, and we can see that living beings are the result of their own good or bad actions. This enlightened knowledge is of paramount importance to mankind, since if the past can condition the present, we know that our conduct today will determine our future.

Science is making rapid strides, yet showing that not everything can be weighed in a balance or placed in a test tube. Many of the greatest mysteries, while much in evidence, still have no explanation. This is especially true in the field of psychology and psychiatry.

Turning to the issue of rebirth, beings tend to be reborn at a lower rather than a higher level. The vast majority of mankind respond too readily to the baser instincts and desires, evil passions and attachments to things and ideas, thereby conditioning their future on a lower level. Most of the natural instincts and desires produce bad kamma and it is only when we develop the intelligence to place ourselves under the right Teacher, that we can be sure of progress. But merely wearing the label of 'Buddhist', is useless if we do not learn to control the mind and observe the morality.

Not everything that happens to us is the result of past kamma. We are subject, by the fact that we exist, to suffering from natural causes, as well as the deeds of our actions. However, while kamma may condition the circumstances, it cannot make us commit a crime if we do not so desire.

In life, we are not pawns in a game, but the makers of the game. We cannot, of course, undo our past, but with this vital knowledge at our disposal, we can shape for ourselves a joyful future.

From the mistakes and blunders of the past we have built our present, but man is equally the architect of his own future and with the right guidance we can be sure of it being a happy one. ■

*(Source: 'The Blueprint of Happiness' Page 19)*

# Inspiration and Dismay



Fourteen-year-old Ganesh Kumari Shakya listened intently to the Burmese monk. It was 1949, and Sthavir U Dhammawudha was speaking at the Shree Sumangal Vihara (monastery) in Lalitpur, across the Bagmati River from Kathmandu, the capital city of Nepal.

A visitor from Moulmein, Burma, by way of the Burmese Vihara in Kushinagar, India, the eminent monk only spoke Burmese, Hindi, and Pali, which was a problem for the Newar people of Kathmandu Valley, Nepal, most of whom did not understand any of those languages. On this occasion, the bhikkhu addressed his audience in Pali, which an interpreter translated:

"Nibbana is a state without suffering," he said. "Nibbana is not what we see with our eyes. In order to know it, we must understand that it is inside our own minds. Only if we rid our minds of greed, delusion, and negative feelings will we have the wisdom and insight to attain Nibbana. Nibbana dhamma is one kind of Nama Dhamma (mental state). It is different from the cittas (states of mind) that we generally experience and which involve greed, aversion, self-centeredness, miserliness and so forth. Rather, Nibbana dhamma is extremely calm, extremely peaceful, and empty of desire. Furthermore, our physical body and our mind are different. When our physical body dies, it rots away, and is gone forever; but our mind continues." The bhikkhu went on, "It is possible to hear these teachings about Nibbana Dhamma in Burma, where there is less discrimination between men and women. It would be good to go to Burma."

The Burmese monk was visiting Lalitpur for a few days at the invitation of Buddhaghosh, a Nepali monk who had studied for a while in Moulmein. The followers of Theravada Buddhism[1] – there were only a few in Nepal at this time-had asked him to offer some religious teachings. Thus on this day, the last day that he was scheduled to teach in Lalitpur, he talked about Nibbana Dhamma[2], a subject about which those attending the lecture wanted to know more. Many members of his audience had only recently learned about Theravada Buddhism, and so they had difficulty following the monk's patient

1 Theravada Buddhism is the teachings as taught by the Buddha and which is at present the Buddhism of South and Southeast Asia: Mahayana Buddhism, which evolved out of Theravada Buddhism in the early centuries, is the Buddhism practiced in China, Korea, and the Himalayan Region, including the Kathmandu Valley of Nepal.

